
# नेपालमा युवा
# तथा संयुक्त राष्ट्र सङ्घ



प्रकाशन

February, 2012

## यस पुस्तिकाबारे

संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टोली (UNCT) ले सन् २००८ मा संयुक्त राष्ट्रसङ्घीय युवा सल्लाहकार परिषद् (UNYAP) गठन गर्‍यो । यो कार्यदल आधारभूत मानवअधिकारका सिद्धान्तअनुरूप युवाको सशक्तीकरण र अधिकारप्रति संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टोलीको प्रतिबद्धताको एक अंश हो । नेपालका युवा र संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टोलीबीच संवाद र सूचनाको आदानप्रदान गर्नका लागि एउटा मञ्चका रूपमा कार्य गर्नु यस कार्यदलको उद्देश्य रहेको छ ।

यो पुस्तिका नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टोलीका बारेमा युवालाई परिचित हुनका लागि एउटा साधनका रूपमा सहयोग पुर्‍याउन तथा नेपालका युवा र संयुक्त राष्ट्र सङ्घबीचको खाडल पुर्ने बृहत् दृष्टिकोणप्रति योगदान गर्नका लागि संयुक्त राष्ट्रसङ्घीय युवा सल्लाहकार परिषद्को प्रयास हो । थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् । तपाईंले यस कार्यदललाई unyap.nepal@gmail.com मा वा UNYAP Facebook page बाट समेत सम्पर्क गर्न सक्नुहुनेछ ।

यो पुस्तिका संयुक्त राष्ट्रसङ्घीय बालकोष (UNICEF) को प्राविधिक सहयोगमा युवा नामक संस्थाले तयार गरेको हो । युवा पूर्णतया युवाबाटै सञ्चालित र नेतृत्व गरिएको मुनाफारहित संस्था हो जो सशक्तीकरण र वकालतका माध्यमबाट हरेक निर्णायक तहमा युवाको सहभागिता प्रवर्द्धन गर्न कार्यरत छ । युवाले दृढताका साथ आफ्नो योजना तर्जुमा, कार्यान्वयन र निर्णय गर्ने निकायमा १५ देखि २९ वर्षबीचको उमेर समूहलाई मात्र कायम गरेको छ । युवाका बारेमा थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् ।

## यस पुस्तिकाको उद्देश्य

- संयुक्त राष्ट्र सङ्घका मूलतः नेपालका युवासित सम्बन्धित मुख्य क्रियाकलापका बारेमा जानकारी उपलब्ध गराउनु,
- युवालाई संयुक्त राष्ट्र सङ्घसित संलग्न हुन र वकालत गर्नका लगि राष्ट्रिय, क्षेत्रीय तथा विश्वव्यापी अवसरको पहिचान गर्नु ।

## विधि

- सान्दर्भिक लिखत र वेब वा इन्टरनेट आधारित स्रोत सामग्रीको समीक्षा ।
- संयुक्त राष्ट्रसङ्घीय युवा सम्पर्क विन्दु (UNYFP) ले नियुक्त गरेका १३ वटा राष्ट्र सङ्घका निकायका युवा सम्पर्क विन्दुहरूसित बैठक ।
- संयुक्त राष्ट्रसङ्घीय युवा परामर्श कार्यदल र युवाबाट संयुक्तरूपमा काठमाडौँमा आयोजित 'हामी सँगै सक्छौं ... सामूहिक कार्यका लागि क्षेत्रहरूको अन्वेषण' विषयक कार्यशालामा सहभागी विभिन्न युवा सङ्गठनसित परामर्श ।



तस्वीर : ऋचा भट्टराई, २०१२

## परिचय

राष्ट्र सङ्घले परिभाषा गरे अनुसार युवा भन्नाले १५ देखि २४ वर्षबीचका मानिस हुन् । यसले विश्वको लगभग १८% जनसङ्ख्या समेट्छ - जसले वर्तमान पुस्ताका युवालाई इतिहासको सबैभन्दा ठूलो युवा सङ्ख्या बनाइदिएको छ । अहिले संसारभरि १२ करोड युवा छन् भने सन् २०२५ सम्म अरू सात करोड २० लाख युवा थपिनेछन् । संयुक्त राष्ट्र सङ्घको परिभाषामा बालअधिकार महासन्धिमा परिभाषित १५ देखि १८ वर्षबीचका बालबालिका समेत समावेश भएका छन् ।

'युवा' शब्दको परिभाषा र तात्पर्य सामाजिक-सांस्कृतिक, संस्थागत, आर्थिक र राजनीतिक तत्वहरूका आधारमा देश अनुसार फरक फरक पाइन्छन् । नेपाल सरकारले युवालाई १६ देखि ४० वर्षबीचका मानिसका रूपमा परिभाषित गरेको छ । तापनि, नेपालका धेरै युवा सङ्गठनले संयुक्त राष्ट्र सङ्घकै परिभाषा प्रयोग गर्ने गरेका छन् वा कतिले १५ देखि २९ वर्षबीच भने अरू केहीले १५ देखि ३५ वर्षबीच समेतलाई मान्ने गरेका छन् ।

आर्थिक र सांस्कृतिक विश्वव्यापीकरणबाट उत्पन्न अनिश्चितताहरूलाई युवाले नै झेल्नुपर्छ । वयस्कतातर्फको अवस्था अवसर र अग्रगतिको अवधि हुन सक्छ तर असाध्य जोखिमयुक्त र चुनौतीपूर्ण पनि हुन्छ । यसका साथै युवा सकारात्मक सामाजिक रूपान्तरणको लागि आवश्यक ऊर्जा, उत्प्रेरणा र दूरदृष्टिका पुञ्ज हुन्छन् । **संयुक्त राष्ट्रसङ्घीय युवा विकास कार्यसूची**का बारेमा विस्तृत जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् । युवा विकाससम्बन्धी राष्ट्र सङ्घका कार्यहरूको प्रभावकारिता अभिवृद्धि गर्नका लागि राष्ट्रसङ्घीय निकायहरूबीच युवा विकाससम्बन्धी अन्तरनिकाय सञ्जालले सहकार्य र अनुभव आदानप्रदानलाई सुदृढीकरण गर्ने गरेको छ ।

## के तपाईंलाई थाहा छ ?

- १० देखि १९ वर्षबीचका १० करोडभन्दा धेरै किशोरकिशोरी विद्यालय जाँदैनन् ।
- हाल संसारमा भएका एक अर्ब आठ करोड युवामध्ये आधा दैनिक दुई अमेरिकी डलरभन्दा कममा बाँचिरहेका छन् ।
- प्रत्येक वर्ष १० देखि १९ वर्षबीचका एक करोड ६० लाख किशोरी आमा बनिरहेका छन् ।
- प्रत्येक दिन संसारमा एचआइभी सङ्क्रमित हुने ६ हजार ८०० जनामध्ये झन्डै ४० प्रतिशत युवा छन् ।

स्रोत : संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष को किशोर/किशोरी तथा युवासम्बन्धी वेबसाइट



तस्वीर : बेन श्रेष्ठ, २०११

## सहस्राब्दी विकास लक्ष्य र युवा

सन् २००० मा विभिन्न देशका १८९ नेताले सहस्राब्दी घोषणामा हस्ताक्षर गरे तथा सहस्राब्दी विकास लक्ष्य (MDGs) प्राप्त गर्न सहमति जनाए । ती आठवटा सहस्राब्दी विकास लक्ष्यलाई सन् २०१५ सम्म पूरा गर्नका लागि २१ वटा सङ्ख्यात्मक उद्देश्यमा विभाजन गरिएका छन् ।

सबै सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्नका लागि युवाको सहभागिता र समावेशिता अपरिहार्य छ । सवाल चाहे गरिबी, भोकमरी, शिक्षाको अभाव, मातृमृत्यु, बेरोजगारी, वातावरण विनाशको होस् वा एचआइभी र एड्सको होस्, युवामा तिनीहरूको प्रभाव अकल्पनीयरूपले विशाल छ। यसको मुख्य कारण के हो भने धेरै युवा सूचना, विद्यालय, सामाजिक प्रभाव तथा आधारभूत अधिकारमा पहुँचबाट वञ्चित छन् तथा उनीहरूको सवाललाई राष्ट्रिय विकासको विषयसूचीमा समेत समावेश गरिएको छैन । त्यसकारण युवा सहस्राब्दी विकास लक्ष्यहरूले लक्ष्य गरेको समूहमध्ये सबैभन्दा जोखिममा रहेको समूहका रूपमा छन् ।

थप जानकारीका लागि सहस्राब्दी विकास लक्ष्य र युवा सम्बन्धमा सहस्राब्दी विकास लक्ष्य र युवा कारवाही निर्देशिका तथा संयुक्त राष्ट्र सङ्घको साइबरस्कुलबस हेर्नुहोस् ।



तस्वीर :सन्तोष बोहरा, २०११

नेपालको विकासका लागि सहयोग प्रयासहरूको प्रभावकारी कार्यान्वयन तथा मुलुकमा सहस्राब्दी विकास लक्ष्य ९:म्न्क० को प्राप्तिका लागि युवाहरूमा सामाजिक लगानी गर्नु पर्ने आवश्यकता रहेको नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टोलीले महसुस गरेको छ । **नेपालमा १५ देखि २९ वर्ष उमेर समूहका १० लाखभन्दा धेरै मानिस कुल जनसङ्ख्याको चौथाई हिस्सा ओगट्छन्** ( नेपालको युवाको सर्भेक्षण सन् २०११, ब्रिटिस काउन्सिल र नेपालका युवा सङ्गठनहरूको सङ्घ) । युवा परिवर्तनका प्रभावकारी संवाहक हुन् तथा नयाँ नेपालको निर्माण गर्ने वर्तमान परिप्रेक्षमा नेपालको विकासको कार्यसूची निरूपण गर्ने सवालमा युवाका आवाजहरूको सुनुवाइ गरिनुपर्ने अपरिहार्य आवश्यकता टड्कारो छ ।



# नेपालस्थित संयुक्त राष्ट्रसङ्घीय टोली

नेपालमा संयुक्त राष्ट्र सङ्घको उपस्थिति रहेको ६० भन्दा धेरै वर्ष भइसकेको छ।

नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय टोलीमा २६ वटा फिल्ड कार्यालय र ६ वटा क्षेत्रीय केन्द्रका माध्यमबाट नेपालका ७५ वटै जिल्लामा कार्यरत २५ वटा राष्ट्रसङ्घीय निकाय समावेश भएका छन्।

राष्ट्रसङ्घीय टोलीको संयोजन आवासीय तथा मानवीय संयोजकले गर्छन्। राष्ट्रसङ्घीय टोलीको उद्देश्य सहस्राब्दी विकास लक्ष्य तथा अन्य राष्ट्रिय लक्ष्यहरूको प्राप्तिका लागि नेपाललाई संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचाको माध्यमबाट निरन्तर, प्रभावकारी र कार्यकुशल सहयोग गर्नु हो।

संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचा राष्ट्रिय प्राथमिकतासित सम्बन्धित एउटा रणनीतिक लिखत हो, जसले नेपालमा राष्ट्रसङ्घीय टोलीका सबै कार्यलाई मार्गदर्शन गर्छ। संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचाको निर्माण हरहमेसा सरकार, नागरिक समाज तथा दातृ संस्थाकाप्रतिनिधिसँगको निकट परामर्शमा गर्ने गरिन्छ। संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचाको निर्माणमा संयुक्त राष्ट्रसङ्घीय युवा सल्लाहकार परिषद् कार्यदलका प्रतिनिधिको माध्यमबाट युवाको प्रतिनिधित्व पनि सुनिश्चित गरिन्छ।


### मानवअधिकारआधारित कार्यविधि निहित कार्यक्रम तर्जुमा भनेको के हो ?

मानिसलाई स्वतन्त्र र मर्यादित जीवन बिताउनका लागि आवश्यक न्यूनतम मापदण्ड नै मानवअधिकार हुन्। तिनीहरू सार्वभौमिकता, अविभाज्यता, अन्तरसम्बन्ध, समानता र अविभेदका सिद्धान्तमा आधारित छन्। मानवअधिकार आधारित कार्यक्रम तर्जुमाले प्रत्येक मानवलाई **व्यक्ति तथा अधिकारधारक**का रूपमा मान्यता दिन्छ। अधिकारमा आधारित कार्यविधिले सबैठाउँमा सबैका लागि अत्यावश्यक मापदण्ड र सिद्धान्त तथा कर्तव्य र दायित्वको ढाँचा अन्तर्गत स्वतन्त्रता, समृद्धि र मर्यादाको प्राप्तिका लागि कार्य गर्छ। अधिकारमा आधारित कार्यविधिले अधिकारहरूको परिपूर्ति र संरक्षण सुनिश्चित गर्नका लागि विद्यमान प्रणालीलाई सहयोग उपलब्ध गराउँछ। अधिकारमा आधारित कार्यविधिले अति जोखिममा रहेका, वञ्चित वा विभेद गरिएकाहरूलाई केन्द्रित गर्छ।

कार्यक्रम तर्जुमा निम्ति संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारआधारित कार्यविधिका बारेमा थप जानकारीका लागि पोर्टल हेर्न अनुरोध छ।

नेपालका लागि विद्यमान संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचा (सन् २००८ देखि २०१२ सम्म) नेपाल सरकारको तीनवर्षीय अन्तरिम योजनाले पहिचान गरेका राष्ट्रिय प्राथमिकताअनुरूप तथा सहस्राब्दी विकास लक्ष्य र उद्देश्यबाट निर्देशित छ। संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचाको मुख्य प्राथमिकता क्षेत्रमा शान्तिको सुदृढीकरण गर्ने, गुणस्तरीय आधारभूत सेवा प्रदान गर्ने, तथा दिगो आजीविका, मानवअधिकार, लैङ्गिक समानता र सामाजिक समावेशीकरणलाई प्रवर्द्धन गर्ने रहेका छन्।

संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचाले लैङ्गिक समानता र सामाजिक समावेशीकरणमा विशेष जोड दिएर **मानवअधिकारआधारित कार्यविधियुक्त कार्यक्रम तर्जुमा** प्रयोग गर्ने गरेको छ।



**लैङ्गिक समानता** भनेको महिला र पुरुष तथा बालिका र बालकहरूले समान अधिकार, स्रोतसाधन, अवसर तथा संरक्षणका उपायहरू प्राप्त गर्नु हो। यसको तात्पर्य बालिका र बालक वा महिला र पुरुषहरू एकै हुनुपर्छ वा उनीहरूलाई ठ्याक्कै उस्तै व्यवहार गरिनुपर्छ भनेकोचाहिँ होइन।

राष्ट्रसङ्घीय प्रणालीले लैङ्गिक समानता र महिला सशक्तीकरणलाई मानवअधिकारका रूपमा मात्र होइन बरु सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्ने तथा दिगो विकासका लागि मार्गचित्रका रूपमा समेत ध्यान दिएको छ। राष्ट्रसङ्घीय प्रणालीमा लैङ्गिक समानता र महिला सशक्तीकरण प्रवर्द्धन सम्बन्धमा थप जानकारीका लागि यहाँ क्लिक गर्नहोस।

**किशोरीहरूका सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय अन्तरनिकाय कार्यदल** सन् २००७ मा संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) र संयुक्त राष्ट्रसङ्घीय बालकोषको सह-अध्यक्षतामा संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन **(UNESCO)**, संयुक्त राष्ट्रसङ्घीय महिला (UN Women) तथा विश्व स्वास्थ्य सङ्गठन (WHO) को सहभागितामा गठन भएको हो । 'भविष्य उनीहरूकै हातमा' नाराका साथमा यस कार्यदलले युवा कार्यक्रमहरूलाई सीमान्तीकृत किशोरीमा अझ राम्ररी पुग्नका लागि पुनर्अभिमुखीकरण गर्ने लक्ष्य लिएको छ । यसले किशोरीहरूलाई लक्ष्य गर्दै उनीहरूको विद्यालयमा निरन्तरता बढाउन र उनीहरूलाइ आफ्ना अपेक्षा पूरा गर्नका लागि आवश्यक सीप विकास गर्ने कार्य गर्छ । यस कार्यदलले राष्ट्रिय तहमा सरकार, मन्त्रालय, गैसस र महिला तथा बालिकाहरूका सञ्जालहरूसित सहकार्य गरेर निश्चित समुदायका सीमान्तीकृत किशोरीहरूको पहिचान गरी उनीहरूको सीमान्तीकरणलाई निराकरण गर्न तथा उनीहरूलाई आफ्ना सबै अधिकार दाबी गर्न र सामाजिक सेवा, विशेष गरी शिक्षा, स्वास्थ्य सेवा, रोजगारी र मानव विकासमा पहुँच गर्न सक्षम तुल्याउने कार्यक्रम सञ्चालन गर्न सहयोग गर्छ । थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् ।



**तस्वीर : ऋचा भट्टराई, २०११**

## अर्थपूर्ण युवा सहभागिताका लागि एउटा प्रतिबद्धता


युवासँग सम्बन्धित राष्ट्रसङ्घको कार्यसूचीमा युवा सहभागिता एउटा मुख्य प्राथमिकता क्षेत्रका रूपमा रहेको छ। युवासित महत्वपूर्ण परिप्रेक्ष्य र विचार निहित हुन्छन् जसलाई प्रायः सुनुवाइ गरिँदैन। युवा सहभागिता भन्नाले उनीहरूको वास्तविक आवश्यकता पूरा गर्ने प्रक्रिया, निर्णय र कार्यहरूमा युवाको संलग्नतालाई बुझाउँछ। सहभागिताबाटै युवाले सीपको विकास, क्षमताको निर्माण, आशा अपेक्षाहरूको निरूपण, आत्मविश्वासको अभिवृद्धि तथा मूल्यवान स्रोतसाधनहरूमा पहुँच गर्न सक्छन्।

रोजर हार्टको **सहभागिताको भऱ्याङ** ले १८ वर्षमुनिका युवालाई वयस्कहरूसँगको निर्णय प्रक्रियामा संलग्न गराउनका लागि वयस्कहरूले प्रायः अवलम्बन गर्ने गरेका कार्यविधि र अभ्यासहरूलाई व्याख्या गर्न प्रयोग गर्ने गरिन्छ, तर यसलाई शैक्षिक संस्था, सरकार, सामुदायिक विकास र आर्थिक क्रियाकलापहरूको सन्दर्भमा अन्य उमेरका युवाको सहभागिताका लागि पनि प्रयोग गर्न सकिन्छ :

हार्टको भऱ्याङ अनुसार सहभागितालाई तहगतरूपमा भऱ्याङको खुड्किलाका आधारमा मापन गरिन्छ तथा सहभागितालाई परियोजना र कार्यक्रमहरूको सन्दर्भमा व्याख्या गरिन्छ। हार्टको भऱ्याङका आधारमा वास्तविक सहभागिता भनेको **युवाबाट प्रारम्भ गरिएको र वयस्कसित साझा निर्णयमा पुगिएको** अवस्था हो। असहभागिताचाहिँ **साङ्केतिक** वा बैठक र ठूला समारोहहरूमा **सजावट**का रूपमा युवालाई देखाउने साधनजस्ता समावेशी अभ्यासको नक्कली रूपमात्र हो।

कहिलेकाहीँ वयस्कहरूले युवाहरूको आवाजलाई उपयोग गरी आफ्ना सन्देश वा अभिप्रायहरू सम्प्रेषित गर्न युवाहरूलाई **प्रयोग** गर्छन्। तापनि 'साँच्चो सहभागिता' खाली 'निर्णय प्रक्रिया' सित मात्र भने निर्भर हुँदैन।

युवाहरू घर परिवार, समुदाय, शैक्षिक वातावरण वा पूजास्थलहरूमा **जीवनोपयोगी र सशक्तिकरण** सम्बन्धी क्रियाकलापहरू तथा प्रक्रियाहरूमा पनि अर्थपूर्ण ढंगले सहभागी हुन सक्छन्, जबकी तिनीहरूमा सँधै वा सबै अवस्थामा निर्णय गर्ने कार्य नहुन पनि सक्छ।




**Ladder of Youth Participation**

**युवाको आवाजको विस्तार** युनसेफले युवा आवाज (voices of youth) नामक वेबसाइट स्थापना गरेको छ, जसमा तपाईंले लेखरचना पढ्न र प्रकाशन गर्न तथा अन्य युवासित छलफल गर्न सक्नुहुनेछ। त्यस्तै, नेपालमा संयुक्त राष्ट्रसङ्घीय बालकोषले फ्रिडम एक्सप्रेस (Freedom Express)" नामक बहस मञ्च सञ्चालन गरेको छ जहाँ युवाले निःशुल्क फोन नम्बर प्रयोग गरेर विभिन्न विषयमा लिखित सन्देशका रूपमा आफ्ना विचार पठाउन सक्छन्। “एसएमएस गरौं सित्तैमा” नामक ४४०० नम्बरको त्यो निःशुल्क सन्देश प्रेषण सेवाबाट प्रयोगकर्ताले सोझै लिखित सन्देश मोबाइलबाट संयुक्त राष्ट्रसङ्घीय बालकोषमा पठाउन सक्छन्।

मोबाइल प्रविधि र यसको सामाजिक प्रभाव सम्बन्धमा थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस्।



## हामी सँगै सक्छौं ! सामूहिक कारबाहीका लागि क्षेत्रहरूको अन्वेषण

संयुक्त राष्ट्रसङ्घीय बालकोषको सहयोगसाथ २४ सेप्टेम्बर २०११ मा संयुक्त राष्ट्रसङ्घीय युवा परामर्श कार्यदल तथा युवाको संयुक्त आयोजनामा सामाजिक क्षेत्रमा संलग्न युवालाई एकै ठाउँमा भेला भएर सामूहिकरूपमा उनीहरूका उपलब्धि र चुनौतीहरूबारे मस्तिष्क मन्थन गर्न एउटा कार्यशालाको आयोजना गरिएको थियो । त्यस गोष्ठीका सहभागीले युवाको सङ्गठनहरूमा रहेका चुनौतीमध्ये पहिचान गरेका केही मुख्यमा युवाहरूको नेतृत्व रहेका संस्थाहरूमा स्रोतसाधनहरूको अभाव हुनु, अनुगमन र मूल्याङ्कन नहुनु वा अपर्याप्त मात्र हुनु, परियोजनालाई दिगो बनाउन असक्षम हुनु तथा सरकारी नीतिहरूका बारेमा सूचनाको अप्रभावकारी प्रयोग र जानकारी हुनु रहेका थिए । सहभागीले युवाका सामु रहेका बाधाअड्चन पनि पहिचान गरेका थिए, जसमा स्वयंसेवी क्रियाकलाप गर्नका लागि उत्प्रेरणाको अभाव, सामाजिक कार्यको राजनीतीकरण तगा दीर्घकालीनरूपमा जिम्मेवारी वहन गर्नका लागि युवामा क्षमता नहुनु आदि रहेका थिए । सहभागीले प्रौढ पुस्ताबाट युवाका पहलकदमी र कार्यहरूलाई सम्मान र समर्थन गर्ने कुरामा रहेको अभावको सवालसित समेत यस्तो हुनाको सम्बन्ध रहेको जिकिर गरेका थिए ।

सहभागीले युवाका पहलकदमी र परियोजना सञ्चालन गर्नका लागि महत्वपूर्ण सरोकारवाला पनि पहिचान गरेका थिए, समा युवा आफैं, शिक्षक तथा सल्लाहकार, प्रभावशाली तथा प्रतिष्ठित व्यक्तित्व, सञ्चारमाध्यम, नीतिनिर्माता, सरकार र सरकारी निकाय तथा प्रहरी परेका थिए । एउटा साँच्चै रुचिप्रद कुराचाहिँ के थियो भने एकजना सहभागीले मात्र नेपालमा राष्ट्र सङ्घलाई सरोकारवालाका रूपमा पहिचान गरेका थिए !

### त्यस कार्यशालामा सहभागी युवाले वकालत तथा सामूहिक कार्यका लागि विधिहरूको पनि पहिचान गरेका थिए :

- युवाका समस्याको युवाबाटै पहिचान
- स्थानीय सञ्चारमाध्यम र नौला सूचना तथा मनोरञ्जनात्मक सञ्चारमाध्यम
- नौला विचार र प्रयोगात्मकताको प्रयोग
- युवा, युवाका संस्था र सङ्गठन र सरोकारवाला सञ्जालहरूको निर्माण र प्रयोग
- सहरी तथा ग्रामीण युवाबीच सम्पर्क र सम्बन्ध स्थापना



तस्वीर : सनदिप गुरुङ

## उनीहरूको आफ्नै आवाजमा : *नीतिगत तहमा आवाज घन्किनु*

*राजपुर गाउँ विकास समिति (गाविस) का बालबालिकामा केही अनौठो कुरा छ । त्यो उनीहरूको दृष्टिकोण, सोचाइको तौरतरिका र हाउभाउबाटै प्रस्ट हुन्छ । त्यस गाविसभरिका १२ वटा बाल क्लबको साझा सञ्जालका रूपमा रहेको बाल क्लब समन्वय समितिका उपाध्यक्ष १७ वर्षीया जसकला घर्ती मगर भन्छिन्, "बालबालिका पनि समाजका सरोकारवाला हुन् । वयस्कसरह हामी पनि विकासको एक पक्ष भएकाले हामीलाई वञ्चित गरिनु हुँदैन ।"*

*बालअधिकार, सीप विकास र नेतृत्वसम्बन्धी अभिमुखीकरण र अभ्यासहरूले गर्दा मध्यपश्चिमाञ्चल विकास क्षेत्रको यस गाउँ तहका बाल क्लबका सबै सदस्यमा यस नौलो आत्मगौरव र आत्मविश्वास समानरूपमा पाइन्छ ।*

*यस्तो लाग्छ कि एउटै एकाइमा एकीकृत भएर उनीहरूले आफ्नो हुनु वा अस्तित्वको नयाँ अर्थ पत्ता लगाएका छन् । दक्षिणमा भारतसित सिमाना जोडिएको र उत्तरमा राप्ती नदीले छेकिएको यस बस्तीमा बसोबास गर्ने बालबालिकाले के ठोकुवा गर्छन् भने उनीहरूले न्यायिकरूपले आफ्नो अधिकार हो भन्ने विश्वास गरेकाले नै उनीहरूमा यो सचेतनता र सशक्तीकरण भएको हो ।*

*जसकला उपलब्धिको गर्वोन्नत भाव सहित भन्छिन्, "हाम्रो अथक प्रयासको फलस्वरूप हामीले बालबालिकाका लागि गाविसको बजेटमा केही रकम विनियोजन गराउन सकेका छौं ।"*

*बालबालिकाको पहलको फलस्वरूप नै गाविस परिषद्ले त्यो बजेट विनियोजन गर्ने निर्णय गरेको हो भनेर गाविसका सचिव तथा निर्वाचित जनप्रतिनिधि नरहेको विद्यमान अवस्थामा गाविस परिषद्को प्रमुख समेत रहेका रामलाल साहले पनि सहमति जनाए ।*

*यो अभ्यास विगत दुई वर्षदेखि निरन्तर भइरहेको छ । गाविस परिषद्ले पहिलो वर्ष बालबालिकाका लागि रु १५ हजार विनियोजन गरेको थियो भने दोस्रो वर्ष त्यसलाई बढाएर रु २० हजार बनाएको थियो ।*

*गाविस तहमा त्यो सवाललाई उठाउन साहस गर्ने तत्कालीन बाल क्लब समन्वय समितिका प्रमुख १८ वर्षीय ओमप्रकाश डिसी त्यसबेलाको अनुभव संस्मरण गर्दै भन्छन्, "त्यो काम त्यति सजिलै कहाँ भएको थियो र ।"*

*बाल क्लब समन्वय समितिले लामो सोचविचार र छलफलपछि बालबालिकाको कल्याणका लागि बजेट विनियोजन गर्न गाविस परिषद्मा पहल गरेको थियो । त्यो तीन वर्ष अगाडिको कुरा थियो र त्यतिबेला त्यस्तो कुरा स्थानीय तहमा सुनिएको थिएन ।*

*उनी अगाडि थप्छन्, "सुरुमा त हामीलाई गम्भीरतासित लिइएन । उल्टै हामीलाई काम नलाग्ने फुच्चाफुच्ची भनेर गिल्ला गरिएको थियो तर त्यसले हामीलाई हतोत्साह पार्न सकेन । हामीले गाविस परिषद्मा औपचारिक निवेदन दर्ता गऱ्यौं ।"*

*सामाजिक गतिशीलताबारे सुस्पष्ट चर्चा गर्दै ओमप्रकाश आफ्नो वास्तविक जीवनको अनुभव बताउँछन् ।*

*विशेष गरी गाविसको राजनीतिक तहका मानिसहरू संरचनात्मक विकास निर्माणमा बढी रुचि राख्थे । त्यसकारण, उनीहरूका लागि बालबालिका कुनै विषय नै थिएन । उनी अगाडि भन्छन्, "त्यसैले हामीले मतयाचना (लबिङ) र धेरै दबाव दिने काम गर्नुपरेको थियो तापनि हामीले हाम्रो कुरा उनीहरूलाई सुनाउन र बुझाउनका लागि कुनै कसर बाँकी राखेनौं ।"*

*उनीहरूको जोस र जाँगरका अलावा बाल क्लबहरूलाई केले क्रियाशील बनाइराख्छ, त्यो उनीहरूको एकता नै हो भनेर जसकला भन्छिन् । यसका लागि बाल क्लबहरू प्रत्येक महिना बैठक बस्ने गर्छन् । सचेतना आवश्यक भए पनि यो मात्र समाजमा आफ्नो बाटो बनाउनका लागि पर्याप्त छैन भन्ने कुरा बताउँदै मुसुक्क हाँसेर उनलेभनिन्, "हामी एकढिक्का र सङ्गठित हुनैपर्ने थियो ।"*




तस्वीर : कञ्चन प्रसाद खरेल, २०१२

# संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचाको प्राथमिकता क्षेत्र

## गुणस्तरीय आधारभूत सेवा

गुणस्तरीय आधारभूत सेवा भन्नाले **स्वास्थ्य सेवा, शिक्षा, शुद्ध पिउने पानीमा पहुँच, उन्नत सरसफाइ तथा लक्षित पोषणसम्बन्धी आयोजनाहरू**को व्यवस्था बुझिन्छ ।

आधारभूत सेवासित सम्बन्धित केही सरकारी नीति, रणनीति र योजना नेपाल स्वास्थ्य क्षेत्र कार्यक्रम सञ्चालन योजना, नेपाल खानेपानी योजना, सबैका लागि शिक्षासम्बन्धी मूल लिखत, राष्ट्रिय एचआइभी तथा एड्स रणनीति तथा कार्ययोजना, राष्ट्रिय पोषण रणनीतिपत्र र स्थानीय शासन ऐन तथा सामाजिक परिचालन रणनीति नै आधारभूत सेवाहरूसित समबन्धित केही सरकारी नीति, रणनीति र योजना हुन् ।

नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टोलीले (१) सामुदायिक तह (२) जिल्ला तह र (३) राष्ट्रिय तहमा गुणस्तरीय स्वास्थ्य स्याहार, शुद्ध खानेपानी तथा सरसफाइ र पोषणको क्षेत्रमा गुणस्तरको सुधार गर्नका लागि सरकारी संयन्त्रहरूलाई प्रभावकारी तुल्याउन सहयोग उपलब्ध गराउने गरेको छ । समग्रमा संयुक्त राष्ट्र सङ्घले प्रजनन तथा मातृस्वास्थ्यको सुधार गर्ने, पाँच वर्षमुनिका शिशुको मृत्युदर घटाउने, विद्यालय भर्ना बढाउने, एचआइभी तथा एड्सविरुद्ध लड्ने, महिलाहरूको नेतृत्व र सहभागिता प्रवर्द्धन गर्ने तथा लैङ्गिक खाडल पुर्ने, मलेरिया न्यूनीकरण गर्ने तथा शुद्ध खानेपानी र सरसफाइमा पहुँच अभिवृद्धि गर्ने कुरामा उल्लेखनीय योगदान गरेको छ ।

**एसियाली सहरहरूका लागि पानी (WAC) कार्यक्रम** संयुक्त राष्ट्रसङ्घीय मानवआवास कार्यक्रम (UN-HABITAT), एसियाली विकास बैंक (Asian Development Bank) तथा एसियाका सरकारहरूको सहकार्यमा सञ्चालित आयोजना हो । यो कार्यक्रम औपचारिकरूपमा तेस्रो विश्व पानी मञ्चमा १८ मार्च २००३ देखि प्रारम्भ गरिएको थियो । नेपालमा यो कार्यक्रम सन् २००४ देखि सुरु भएको थियो । यस कार्यक्रमले एसियाली सहरहरूमा पानी र सरसफाइसम्बन्धी सहस्राब्दी विकास लक्ष्य र उद्देश्य (MDGs) को कार्यान्वयनलाई सहयोग गरिरहेको छ । शुद्ध खानेपानी तथा **एसियाली सहरहरूका लागि पानी**-नेपाल कार्यक्रमका बारेमा विस्तृत जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् ।



तस्वीर :सन्तोष बोहरा, २०१२

**के तपाईंलाई थाहा छ ?**

स्थानीय विकास मन्त्रालयले राष्ट्रियस्तरको स्थानीय शासन कार्यक्रमको अङ्गका रूपमा संयुक्त राष्ट्रसङ्घीय बालकोषको प्राविधिक सहयोगसाथ बालमैत्री स्थानीय शासन प्रारम्भ गरेको छ । बालमैत्री स्थानीय शासनले १८ वर्षमुनिका बालबालिका र युवालाई स्थानीय तहको नीति र योजना तर्जुमाको केन्द्रमा राख्ने तथा स्थानीय निकाय, सरकारी कार्यालय र नागरिक समाजमा बालबालिका र युवाको सहभागिता समावेश गराउने प्रयास गरेको छ ।

**के तपाईंलाई थाहा छ ?**

नेपालमा चर्पीको न्यून सङ्ख्या रहेको र चर्पी कमै प्रयोग हुने गरेकाले खुला दिसापिसाब गर्ने प्रचलन व्यापक छ, जसले गर्दा अत्याधिक मानिस ज्यान खतरामा पर्ने रोगव्याधिको जोखिममा छन् । जनवरी २०११ सम्म देशका जम्मा तीन हजार ९१५ गाविसमध्ये १२५ वटामात्र खुला दिसामुक्त क्षेत्र घोषणा गरिएका छन् ।

स्रोत : 'सफाइ गर्ने', *काठमान्डु पोस्ट*, ३ फेब्रुवरी २०११

सहस्राब्दी विकास लक्ष्यका आठ लक्ष्यमध्ये दुईवटामा **सबैका लागि शिक्षा** उपलब्ध गराएर गरीबी निराकरण गर्ने कुरा समावेश गरिएको छ । यसको अर्थ नेपाल सरकार लगायत संसारका १६४ देशका सरकारले निम्न कुरामा प्रतिबद्धता जनाएका छन् :

- सन् २०१५ सम्म सबै बालक र बालिकाले प्राथमिक तहको शिक्षा पूरा गरेको सुनिश्चित गर्ने,
- सन् २०१५ सम्म सबै तहमा बालिकाहरूलाई शिक्षाका लागि अवसर सुनिश्चित गर्ने ।

## स्थानीय शासन र सामुदायिक विकास कार्यक्रम

संयुक्त राष्ट्रसङ्घीय विकास ढाँचाका सबै उपलब्धि प्राप्त गर्नका लागि सहभागिमूलक र समावेशी तथा पारदर्शी र उत्तरदायी सुदृढ **शासन** अपरिहार्य छ । स्थानीय विकास मन्त्रालयले राष्ट्रसङ्घीय निकाय (संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP), संयुक्त राष्ट्रसङ्घीय बालकोष, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA), संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवक, संयुक्त राष्ट्रसङ्घीय महिला र UNCDAF) तथा अन्य विकास साझेदारको सहयोगमा **स्थानीय शासन र सामुदायिक विकास कार्यक्रम (LGCDP)** कार्यान्वयन गरिरहेको छ ।

### के तपाईंलाई थाहा छ ?

स्थानीय विकास मन्त्रालयले गाविस र जिविसहरूलाई उपलब्ध गराउने एकमुष्ट अनुदानको सदुपयोग गर्नका लागि युवाले प्रभाव पार्न सक्छन् ।

युवाहरूले वडा तहका नागरिक मञ्चमा सहभागी भएर योजना तर्जुमा तथा निर्णय प्रक्रियालाई प्रभाव पार्न सक्छन् ।

थप जानकारीका लागि स्थानीय शासन र सामुदायिक विकास कार्यक्रम (LGCDP) को वेबसाइट हेर्नुहोस् ।

### स्थानीय शासन र सामुदायिक विकास कार्यक्रमका निम्न उद्देश्य रहेका छन् :

- स्थानीय सरकारहरूसित क्रियाशील संलग्नताका लागि तथा उर्ध्वमुखी उत्तरदायित्व सुदृढीकरण गर्नका लागि नागरिक र समुदायहरूलाई सशक्तीकरण गर्नु ।
- जिल्ला विकास समिति, नगरपालिका र गाविसबाट अगुवाइ गरिएका स्थानीय विकासहरूलाई आर्थिक सहायता उपलब्ध गराउनु ।
- प्रभावकारी सेवा प्रदान गर्नका लागि स्थानीय सरकारहरूको क्षमता विकास गर्नु ।
- विकेन्द्रीकरण तथा स्थानीय शासनलाई नीतिगत सहायता उपलब्ध गराउनु ।



तस्वीर : सनदिप गुरुङ, २०१२

नेपालमा रजस्वलाको अवधिमा महिलाहरूविरुद्धको भेदभाव व्यापक छ, अझ विशेष गरी मध्य तथा सुदूर पश्चिम विकास क्षेत्रहरूमा, जहाँका १५ देखि ४९ वर्षको उमेरका १९ प्रतिशत महिलाले रजस्वला भएको बेला अर्कै घरमा बस्नु पर्ने भएको बताएका छन् । मध्य तथा सुदूर पश्चिमको पहाडी क्षेत्रका ५८ प्रतिशत महिलाले रजस्वला भएको बेला छाउपडी (गाईको गोठ) मा बस्नुपरेको छ । समग्ररूपमा देशभरि नै ६६ प्रतिशत विद्यालयमा छुट्टै शौचालयको व्यवस्था छैन जसले गर्दा बालिकाहरूले, खासगरी उनीहरू रजस्वला भएको बेला, अस्वस्थकर अवस्था झेल्नुपरिरहेको छ ।

स्रोत : बहुपक्षीय सूचक क्लस्टर सर्भेक्षण, २०११, केन्द्रीय तथ्याङ्क विभाग तथा संयुक्त राष्ट्रसङ्घीय बालकोष

## उनीहरूको आफ्नै आवाजमा :

## *रजस्वलासम्बन्धी सरसफाइ व्यवस्थाले विद्यालयलाई बालिकाहरूका लागि राम्रो ठाउँ बनाउन मद्दत गरेको छ*

*शीतलबक्स विद्यालय, कपिलवस्तुको एकजना विद्यार्थीले बताइन्, "पहिलोचोटि रजस्वला भएपछिदेखि मेरो पढाइलेखाइमा बाधा पुगिरहेको छ । प्रत्येक महिना रजस्वला भएको बेला मलाई एक प्रकारको मानसिक पीडा हुने गरेको मैले महसुस गरेको छु - जस्तो कि धेरै रक्तस्राव भएर मेरो स्कुलको ड्रेसमा दाग लागेमा र केटाहरूले त्यो देखेमा के होला । यसले गर्दा म कक्षामा ध्यान केन्द्रित गर्न नसक्ने हुन्छु र परीक्षाको बेलामा त झन् गाह्रो हुन्छ । हाम्रो विद्यालयको शौचालय सफा छैन र प्याडहरू फेरफार गर्ने वा प्रयोग भएका प्याड फाल्ने ठाउँ नै छैन । यो मेरो मात्र समस्या होइन । मेरा सबै साथीले एउटै समस्या भोग्नुपरिरहेको छ ।"*


*कपिलवस्तु जिल्लाको शीतलबक्स निमाविका शिक्षिका मायादेवीले आफ्नो विद्यालयमा धेरै बालिकालाई पूरा समय उपस्थित गराउनका लागि उत्साहित गर्न केही नौलो काम सुरु गर्नुभयो । वहाँले विद्यालय व्यवस्थापन समितिलाई परिचालन गरेर विद्यालयमा रजस्वला हुने छात्राहरूका लागि स्यानिटरी प्याड उपलब्ध गराउन रकम व्यवस्था गराउनुभयो । मायादेवी भन्नुहुन्छ, "अहिले रजस्वला हुने लगभग ३० जना छात्रा हाम्रो विद्यालयमा नियमित रूपमा आउँछन् । पहिला त प्रत्येक महिना उनीहरू पाँच दिन रजस्वला भएको बेला विद्यालयमा बस्न लाज मानेर विद्यालय नै आउँदैन थिए ।"*

*मायादेवीले गर्वसाथ भन्नुभयो, "पहिला पाँच दिन विद्यालय छाड्ने गरेका यी बालिकाहरूलाई रजस्वला व्यवस्थापन गर्ने स्यानिटरी प्याड उपलब्ध गराइएकाले हिजोआज सँधै विद्यालय आउँछन् ।" वहाँले विद्यालय व्यवस्थापन समितिबाट प्रत्येक महिना रकम लिएर छात्राहरूका लागि विद्यालयमा स्यानिटरी प्याड निरन्तर उपलब्ध गराउने व्यवस्था गर्नुभएको छ । एक महिनापछि विद्यालयमा नयाँ शौचालय बन्ने भएको छ, जहाँ बालिकाहरूको कक्षमा प्रयोग गरिएका स्यानिटरी प्याड राखेर जलाउने व्यवस्था समेत निर्माण भइरहेको छ ।*

*रजस्वला मासिकरूपमा हुने प्रक्रिया भएकाले यसका लागि उपयुक्त सामग्री र सुविधा आवश्यक हुन्छ । रक्तस्रावलाई व्यवस्थित गर्न तथा विद्यालय जाने र अन्य काम गर्ने जस्ता दैनिक क्रियाकलाप गर्नका लागि रजस्वलाको व्यवस्थापन गर्नु आवश्यक हुन्छ । यस प्रकारको पहुँचको अभावमा महिला र बालिकाहरू रजस्वलाको अस्वस्थकर सरसफाइबाट पीडित हुन्छन् जसले उनीहरूको गतिशीलता र मर्यादालाई सङ्कुचित पार्छ । विद्यालयमा बालक र बालिकाहरूका लागि छुट्टा-छुट्टै शौचालय, समुचित गोपनीयता वा स्यानिटरी सामग्री फ्याँक्ने उपयुक्त भौतिक सुविधाजस्ता पर्याप्त सरसफाइको व्यवस्था नभएमा छात्रा विभिन्न किसिमले वञ्चित भएको महसुस गर्छन् ।*

*यो सवाल बालिकाहरूका लागि उन्नत सुविधाहरूको आवश्यकतासँग मात्र सम्बन्धित नभई महिला सशक्तीकरण र लैङ्गिक समानतासँग पनि सम्बन्धित छ । मायादेवी भन्नुहुन्छ, "बालिकाहरूले चार हप्तामा एक हप्ता विद्यालय छाड्नुपरेमा बालकहरूको तुलनामा उनीहरू शिक्षाको सन्दर्भमा पछि पर्छन् । त्यसकारण, समानता सुनिश्चित गर्न तथा उनीहरूको शिक्षाको अधिकार प्रत्याभूत गर्नका लागि सुरुआतमा खासै महत्वपूर्ण नदेखिने यस्ता कुरामा ध्यान केन्द्रित गरी स्रोत साधनहरूको लगानी गर्नेपर्छ ।"*

*सकारात्मक परिवर्तनहरू प्राप्त गर्न सकिन्छ भन्ने मायाले पुष्टि गर्नुभएको छ । शीतलबक्स विद्यालयका छात्राहरूले अहिले रजस्वला भएको बेला आफ्नो स्याहार कसरी गर्नुपर्छ भन्ने सही जानकारी पाएका छन् तथा उनीहरूको स्थानीय उत्पादन र प्रयोग गरिएका स्यानिटरी प्याड फ्याँक्ने र नष्ट गर्ने सुविधामा पहुँच भएको छ । उनीहरू अहिले बढी सुरक्षित भएको र कम लज्जास्पद हुनुपरेको महसुस गर्छन् ।*



**तस्वीर :** www.dailytravelphotos.com

# एचआइभी तथा यौनप्रसारित रोगहरूको रोकथाम

युवाहरूको प्रजनन स्वास्थ्य आवश्यकतालाई प्राय: बेवास्ता गरिन्छ । नेपाल लगायत धेरै देशमा किशोरकिशोरी र युवालाई एचआइभी लगायत आफ्नो यौनिकताका बारेमा बुझ्न र अनिच्छित गर्भधारण तथा यौनप्रसारित रोगबाट सुरक्षित हुन सहयोग गर्ने आवश्यक जानकारी तथा सेवाहरूको अभाव छ । लागूपदार्थहरूको दुरूपयोग गर्ने मानिस एचआइभी सङ्क्रमित हुने विशेष जोखिममा रहेका हुन्छन् ।

सहस्राब्दी विकास लक्ष्यमध्ये एउटा एचआइभी/एड्सविरुद्ध लड्नु हो । सन् २००५ मा संयुक्त राष्ट्र सङ्घका महासचिवले के कुरा पुनर्पुष्टि गर्नुभएको छ भने सहस्राब्दी विकास लक्ष्य प्राप्त गर्नका लागि एउटैमात्र उपाय भनेको **सँधै गरिरहेको काम कारबाहीबाट अलग हटेर** एचआइभी/एड्सविरुद्धको लडाइँलाई सन् २०१५ तिर लैजानका लागि नाटकीयरूपले द्रुत बनाउनु र माथ्लो तहमा लैजानु हो ।

संयुक्त राष्ट्रसङ्घीय एचआइभी/एड्स कार्यक्रम (UNAIDS) ले यस व्याधिविरुद्ध सङ्घर्षका साझा प्रयासमा १० वटा राष्ट्रसङ्घीय निकायहरूलाई एकै ठाउँमा ल्याएको छ : शरणार्थीहरूका लागि संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय (UNHCR), संयुक्त राष्ट्रसङ्घीय बाल कोष (UNICEF), विश्व खाद्य कार्यक्रम (WFP), संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष, लागूऔषध र अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यालय (UNODC), अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO), विश्व स्वास्थ्य सङ्गठन तथा विश्व बैंक (World Bank) । नेपालमा यस व्याधिबारेमा थप जानकारीका लागि नेपालमा युएनएड्स वेबसाइट हेर्नुहोस् ।

संयुक्त राष्ट्रसङ्घीय एचआइभी/एड्स (UNAIDS) कार्यक्रमले यी १० वटा सह-प्रायोजक सङ्गठनहरूका यस व्याधिप्रतिका सम्बोधनहरूबीच समन्वय गरेर विशेष पहलका माध्यमबाट यी प्रयासलाई थप ऊर्जा प्रदान गर्ने गरेको छ । यसको उद्देश्य सबै मोर्चामा एचआइभी/एड्सप्रतिको अन्तर्राष्ट्रिय सम्बोधनको अगुवाइ गर्नु हो । एचआइभी/एड्स तथा युवासम्बन्धी युएनएड्सको अन्तरनिकाय कार्यदलले एचआइभी रोकथाम, उपचार र स्याहारसुसार सेवाहरूमा युवाहरूको उपयोगलाई बढाउने प्रयास गरिरहेको छ ।

एचआइभी प्रसारणको रोकथामका लागि यौन कार्यमा आत्म-अनुशासन वा विलम्ब गर्ने, सीमित व्यक्तिसित मात्र सहवास गर्ने, एकजनासितमात्र यौनसम्पर्क राख्ने, यौनिकरूपले सक्रिय मानिसहरूले सही र नियमित रूपले कन्डम प्रयोग गर्नेजस्ता यौन व्यवहारहरूमा सकारात्मक परिवर्तन आवश्यक हुन्छ । एचआइभी पोजिटिभ भएकाहरूलाई पर्याप्त स्याहारसुसार, उपचार र सहयोग, लगायत यौन र प्रजनन स्वास्थ्य सेवा अत्यावश्यक हुन्छ । एचआइभी रोकथामका लागि युवा र वयस्कहरूको साझेदारीका सम्बन्धमा थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् ।

### के तपाईंलाई थाहा छ ?

- सन् २००९ मा विश्वभरि १५ देखि २४ वर्षबीचको उमेरका २३ देखि ५९ लाख युवा एचआइभीबाट सङ्क्रमित थिए र प्रत्येक दिन दुई हजार ५०० नयाँ युवा सङ्क्रमित हुन्छन् ।
- सन् २००९ मा १५ वर्ष र सोभन्दा माथिका नयाँ सङ्क्रमित वयस्कमध्ये १५ देखि २४ वर्षबीचको उमेरका ४१ प्रतिशत युवा छन् तथा अधिकांश एचआइभी सङ्क्रमित युवालाई आफ्नो अवस्थाका बारेमा थाहा नै छैन ।
- विश्वभरि एचआइभी सङ्क्रमितमध्ये ६० प्रतिशतभन्दा धेरै युवती रहेका छन् ।

स्रोत : सङ्कटमा अवसर : प्रारम्भिक किशोावस्थादेखि प्रारम्भिक वयस्कतासम्ममा एचआइभीको रोकथाम, संयुक्त राष्ट्रसङ्घीय बालकोष, २०११

### के तपाईंलाई थाहा छ ?

नेपालमा एड्सको पहिलो घटना सन् १९८८ मा प्रकाशमा आएको थियो । त्यसपछि नेपाल क्रमश: 'न्यून'बाट 'घनीभूत' सङ्क्रमण हुँदै अति-जोखिमयुक्त जनसङ्ख्या भएको देशमा पुगेको छ । यस समूहमा सुईबाट लागूऔषध प्रयोगकर्ता, महिला यौनकर्मी, समलिङ्गी पुरुष तथा आप्रवासी श्रमिक समेत छन् । अगस्ट २०१० सम्म राष्ट्रिय एड्स र यौनप्रसारित रोग नियन्त्रण केन्द्रमा १६ हजार २६२ वटा एचआइभीका केस दर्ता भएका छन् । १५ देखि २४ वर्ष उमेरका युवामा एचआइभीको जोखिम अत्यन्त उच्च छ, जसमध्ये ६४ प्रतिशतलाई यसबारेमा पूर्ण जानकारी समेत छैन ।

पुरुषले प्रयोग गर्ने रबरको कन्डम नै एचआइभी र अन्य यौनप्रसारित सङ्क्रमणहरूको न्यूनीकरण गर्नका लागि एकमात्र, सबैभन्दा प्रभावकारी र सर्वसुलभ प्रविधि हो ।

स्रोत : कन्डम तथा एचआइभी रोकथाम : संयुक्त राष्ट्रसङ्घीय एचआइभी/एड्स कार्यक्रम, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष र विश्व स्वास्थ्य सङ्गठनको स्थितिपत्र, २००९

## उनीहरूको आफ्नै आवाजमा :

### *"वातावरण सहयोगी भएमा, मानिसहरूले लुकाउने छैनन्"*

*सन् २००४ मा मनीषले २३ वर्षको लागूऔषध सुई प्रयोगकर्ता भएको बेला आफू एचआइभी पोजिटिभ भएको थाहा पाए । लागूऔषध किन्नलाई पैसाको खाँचो परेको बेला उनी एउटा गैससको कार्यक्रमको अङ्गका रूपमा रु २०० का लागि आफ्नो रक्तपरीक्षण गर्न तयार भएका थिए । आफ्नो अवस्था उच्च रहेको थाहा पाए पनि मनीषले कुनै प्रतिक्रिया जनाउन सकेनन् । पछि, उनी निराश भए : "मलाई के लाग्यो भने मेरो वंशको अन्त्य भयो, अब कुनै भविष्य छैन ।" उनले विवाह गर्न कहिले पनि नसक्ने भएको आफूलाई ठाने र आफू एचआइभी पोजिटिभ भएको बारेमा आफ्नो आमाबुबालाई बताउन पनि डराए ।*

*मनीषले त्यो कुरा आफ्नो भतिजालाई बताए, उनी पनि लागूऔषध प्रयोगकर्ता थिए । उनका भतिजा सहयोगी थिए । मनीष भन्छन्, "हामीबीच एचआइभी सामान्य कुरा हो ।" मनीषको भतिजाले उनको एचआइभीको उपचार खोजेका थिए तथा एचआइभी र एड्स सङ्क्रमित मानिसहरूका लागि काठमाडौँस्थित समुदायमा आधारित उपचार र स्याहार सुविधा प्रदान गर्ने नवकिरण प्लस नामक संस्थामा काम पनि गर्दै थिए । आफ्नो भतिजाको उदाहरण हेरेर मनीषले आफ्नो एचआइभीको अवस्थाबारे खुला हुने र उपचार खोज्ने निर्णय गरे ।*

*आफू एचआइभी पोजिटिभ भएको थाहा पाउनाले गर्दा मनीष लागूऔषध त्याग्न, सुरक्षित यौनसम्पर्क राख्न तथा आफ्नो स्वास्थ्यको हेरविचार गर्न उत्प्रेरित भए* ***। एचआइभीको विद्यमान अवस्थामा कुनै उपचार नभए पनि मनीषले स्वस्थ र लामो जीवन बाँच्न सकिन्छ भन्ने यथार्थ स्वीकार गरेका छन् ।*** *अहिले उनी लागूऔषधबाट मुक्त भएका छन् र आफ्नो स्वास्थ्यको सुधारका लागि प्रोफाइलेक्सिस ब्याक्ट्रियम लिइरहेका छन् भने उनले अरूलाई सहयोग गर्ने प्रतिबद्धता पनि आफूभित्र पत्ता लगाएका छन् । विशेष गरी नवकिरण प्लस मार्फत् सेवा प्रदान गर्दा उनले अर्थ र सन्तोष प्राप्त गर्छन् ।*

***"लुकेर" रहन चाहने एचआइभी पोजिटिभ मानिसहरूलाई सल्लाह दिने क्रममा मनीष ठाडै भन्छन्, "तपाईंले आफ्नो अवस्था लुकाएर राख्नुभएमा उचित उपचार पाउन सक्नु हुन्न, र तपाईं सम्भवतः छिटै मर्नुहुनेछ । धेरै प्रकारका औषधि उपलब्ध छन् र मजस्ता मानिसले तिनीहरू प्राप्त गर्न तपाईंलाई सघाउनेछन्, त्यसैले तपाईं लुकेर बस्नु हुँदैन ।"***

*यसका साथै आफ्नो अवस्थाबारेमा खुला हुनाले मनीषलाई एचआईभी पोजिटिभ, अन्य मानिसहरूको समुदायको फाइदा र सहयोग प्राप्त गर्न सहज भएको छ । खुलेर आएका धेरै एचआइभी पोजिटिभ मानिसलाई चिनेर तथा उनीहरू कसरी बाँच्छन्, काम गर्छन्, आफ्नो समुदायका लागि कसरी योगदान गर्छन् तथा कसरी विवाह गरेर बालबच्चा हुर्काउँछन् भन्ने देखेर मनीषलाई सामान्य हुन मद्दत पुऱ्याएको छ । एचआइभी र एड्स सङ्क्रमित मानिस तथा लागूऔषधका सुई प्रयोगकर्ताप्रति सामाजिक दृष्टिकोण परिवर्तन हुन आवश्यक भएकामा जोड दिँदै मनीष भन्छन् : "वातावरण सहयोगी भएमा, मानिसहरूले लुकाउने छैनन् ।"*

*यस अवहेलना र भेदभावका कारणले गर्दा नै आफ्नो अवस्थाबारे थाहा पाएका केही मानिस आयु घट्ने जोखिम हुँदाहुँदै पनि लुकेर रहन चाहन्छन् । मनीष भन्छन्, "आफ्नो अवस्था लुकाउनाले हुने परिणामबारे सचेत भएर उनीहरू सहायता चाहँदैनन् भने हामी उनीहरूलाई सहयोग गर्न सक्दैनौं, उनीहरूसम्म पुग्न सक्दैनौं ।" सामाजिक मनोवृत्तिहरू सुसूचित तथा अविभेदजनक भएको खण्डमा एचआइभी सङ्क्रमित भएका थोरैमात्र मानिस लुकेर बस्न तथा पहुँचभन्दा बाहिर रहन चाहनेछन् ।*



तस्वीर :सन्तोष बोहरा, २०१२


# संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचाको प्राथमिकता क्षेत्र :

## शान्तिको सुदृढीकरण

नेपाल कम्युनिस्ट पार्टी (माओवादी) र नेपाल सरकारबीचको दस वर्ष लामो सशस्त्र द्वन्द्व नोभेम्बर २००६ मा विस्तृत शान्ति सम्झौता तथा हातहतियार र सेना व्यवस्थापनसम्बन्धी सम्झौतामा हस्ताक्षर भएपछि औपचारिकरूपले समाप्त भएको थियो । त्यसको लगत्तैपछि माओवादी सेना र उनीहरूको हातहतियारहरूलाई देशका २८ वटा शिविरमा थन्काइएको थियो ।

नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शान्ति कोष (UNPFN) मार्च २००७ मा सरकारको नेपाल शान्ति कोषलाई सहयोग गर्नका लागि स्थापना गरिएको हो । शान्ति कोषले नेपालको विद्यमान सङ्क्रमणकालीन अवस्थाका विशिष्ट आवश्यकताका लागि संयुक्त राष्ट्र सङ्घका लचिला कार्यक्रम उपलब्ध गराइरहेको छ । यसका साथै नेपाललाई युक्तिसम्मत अन्तर्राष्ट्रिय सहायता उपलब्ध गराउनका लागि संयुक्त राष्ट्र सङ्घ र दातृ संस्थाहरूबीच समन्वय र ऐक्यबद्धता प्रवर्द्धन गर्ने एउटा मुख्य उपकरणको भूमिका पनि शान्ति कोषले निर्वाह गरिरहेको छ ।

नेपालको संविधान निर्माण प्रक्रियालाई सहयोग गर्नका लागि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमले सहभागीमूलक संविधान निर्माणका लागि सहायता परियोजना (SPCBP) स्थापना गरेको छ । यस परियोजनाले संविधान लेखन प्रक्रियामा सार्वजनिक चेतना अभिवृद्धिका साथै प्रशिक्षणका अवसर, विशेषज्ञ सल्लाह, सूचना तथा संवादको स्थान उपलब्ध गराउने स्रोत केन्द्रको कार्य गरिरहेको छ । संविधान सभाका सदस्य, नागरिक समाज र संविधान निर्माण प्रक्रियामा रुचि राख्ने जोकोहीका लागि पनि यसको ढोका खुला छ । यहाँ संविधान निर्माण र अन्य विषयका दुई हजार ७०० भन्दा धेरै पुस्तक पढ्न तथा नेपालमा संविधान निर्माणसँग सम्बन्धित कार्यशाला, गोष्ठी तथा अन्तरक्रिया कार्यक्रममा सहभागी हुन सक्नुहुनेछ । यो सहभागीमूलक संविधान निर्माणका लागि सहायता परियोजना सोमबारदेखि शुक्रबारसम्म बिहान ९ बजेदेखि बेलुका ५.३० बजेसम्म सबैका लागि खुला हुन्छ । यससम्बन्धी विस्तृत जानकारी यसको वेबसाइट मा प्राप्त गर्न सक्नुहुनेछ




जनमुक्ति सेनामा १८ वर्षभन्दा सानो उमेरमा भर्ना भएका वा विस्तृत शान्ति सम्झौतापछि भर्ना भएकाहरूलाई रोजगारी वा समाजमा जीविकाको अवसर उपलब्ध गराउनका लागि सन् २०१० मा **संयुक्त राष्ट्रसङ्घीय अन्तरनिकाय पुनःस्थापना कार्यक्रम (UNIRP)** को थालनी गरिएको छ । यिनीहरू सैनिकबाट नागरिक जीवनमा रूपान्तरित हुनका लागि सहयोग आवश्यक भएका युवा नै हुन् ।

संयुक्त राष्ट्रसङ्घीय अन्तरनिकाय पुनःस्थापना कार्यक्रम सम्बन्धमा थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् ।

शान्ति तथा पुनःनिर्माण मन्त्रालयले संयुक्त राष्ट्र सङ्घका निकाय, विकास साझेदार र महिला तथा बालबालिकाहरूका सञ्जाल र सङ्गठनहरूसितको साझेदारीमा संयुक्त राष्ट्र सङ्घको निर्णय नं १३२५ र १८२० सम्बन्धी राष्ट्रिय कार्ययोजना तर्जुमा समेत गरेको छ । यस विषयमा यो कार्ययोजना दक्षिणपूर्व एसियामै पहिलो तथा एसियामा दोस्रो हो र यसले सहभागिता, हिंसाबाट संरक्षण र हिंसाको रोकथाम, प्रवर्द्धन, उद्धार र उपचार, स्रोत साधन व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कनका छ वटा खाँबामा ध्यान केन्द्रित गरेको छ । यस राष्ट्रिय कार्ययोजनाले शान्ति निर्माणका सबै चरणमा महिला तथा बालिकाहरूको सहभागिता र संरक्षण सुनिश्चित गर्दै दिगो शान्ति र न्यायपूर्ण समाज निर्माण गर्ने लक्ष्य लिएको छ । संयुक्त राष्ट्रसङ्घीय महिलाले सन् २००४ देखि नेपालमा महिला, शान्ति र सुरक्षाका सवालमा वकालत गर्दै आइरहेको छ ।

PEACE YOUTH

# संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचाको प्राथमिकता क्षेत्र :

## दिगो आजीविका

नेपालमा विकासका लाभ सम्पूर्ण जनसङ्ख्यामा पुग्न सकिरहेको छैन । धेरै ग्रामीण क्षेत्र, विशेष गरी परम्परागत रूपबाट वञ्चित तथा आर्थिकरूपबाट सीमान्तकृत समूहमा गरीबी र कुपोषण व्याप्त छ । ग्रामीण क्षेत्रमा जीविकाका विकल्पहरूको अभावले मानिसहरूलाई इन्धन र काठपात सङ्कलन गर्नका लागि बाध्य बनाएको छ, जसले गर्दा वनमाथि अत्याधिक चाप पर्न गएको छ । यसले गर्दा देशको विकास योजनामा ऊर्जा तथा वातावरणीय स्रोत व्यवस्थापनका लागि चुनौती उत्पन्न भएको छ ।

नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय टोलीले युवा, वञ्चित समूह, एचआइभी सङ्क्रमित वा सङ्क्रमणको जोखिममा रहेका मानिस, आप्रवासी श्रमिक, घरेलु कामदार तथा शरणार्थीहरूका लागि आर्थिक अवसर सिर्जना गर्ने लक्ष्य लिएको छ ।

संयुक्त राष्ट्रसङ्घीय महिला सुरक्षित बसाइसराइ वा आप्रवासन र पुनःस्थापनाको क्षेत्रमा कार्यरत छ जसले **फर्किएर आएका महिला आप्रवासी श्रमिक**का लागि पठाएको पैसा (रेमिटान्स) को प्रयोग गरेर दिगो जीविका निर्माणमा सहयोग गर्छ । यसले सुरक्षित बसाइसराइसम्बन्धी नीति र कानुनहरू कार्यान्वयन गर्न सरकारी र गैरसरकारी निकायहरूलाई सहयोग उपलब्ध गराउने तथा नेपालका १५ वटा जिल्लामा फर्किएर आएका महिला आप्रवासी श्रमिकहरूको सङ्गठनलाई आफ्ना अधिकार तथा सेवासुविधा माग गर्नका लागि समेत सहयोग उपलब्ध गराउने कार्य पनि गरिरहेको छ ।

प्राकृतिक प्रकोपका लागि पूर्व तयार रहन सुक्खा खडेरी, बाढी पहिरो, भूकम्प र अन्य विपत्तिको दुष्प्रभाव न्यूनीकरण निम्ति लैङ्गिक-संवेदनशील जोखिम व्यवस्थापन तथा पूर्वतयारीका लागि संयुक्त राष्ट्र सङ्घले क्षमता विकास गर्न सहयोग गरिरहेको छ ।

संयुक्त राष्ट्र सङ्घको सहयोगमा विपत्तिबाट उत्पन्न जोखिम व्यवस्थापन राष्ट्रिय रणनीतिमा विकास योजना र कार्यक्रम तर्जुमाका लागि जोखिम न्यूनीकरणलाई मुख्य कार्यविधिका रूपमा लिने सोच अघि बढाइएको छ । **विपित्तिबाट उत्पन्न जोखिम व्यवस्थापनको विस्तृत कार्यक्रम**ले विपत्तिबाट उत्पन्न जोखिम व्यवस्थापन राष्ट्रिय रणनीतिअनुरूप नीतिगत र संस्थागत सुदृढीकरण गर्नका साथै ११ वटा जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्रहरूको स्थापना गरेर विपत्तिबाट उत्पन्न जोखिम न्यूनीकरणलाई योजना तर्जुमा प्रणालीहरूमा एकीकृत गराउन अझ राम्री समन्वय गर्नका लागि ध्यान केन्द्रित गरेको छ ।

नेपालमा विपत्तिबाट उत्पन्न जोखिम व्यवस्थापन सम्बन्धमा थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् ।

**दिगो जीविका कार्यविधि** भनेको गरिबहरूको जीविकासम्बन्धी बुझाइमा सुधार गर्ने एउटा तरिका हो । यसले गरिबहरूको जीविकालाई प्रभाव पार्ने मुख्य कारक तत्व तथा तिनीहरूबीचका विशिष्ट सम्बन्धलाई अन्वेषण गर्छ । नौला विकास क्रियाकलापहरूको योजना तर्जुमा गर्न र जीविकालाई दिगो बनाउनका लागि विद्यमान क्रियाकलापहरूले पुर्‍याइरहेको योगदानको लेखाजोखा गर्नका लागि यस विधिलाई प्रयोग गर्न सकिन्छ । यस ढाँचाले मानिस, विशेष गरी गरिबलाई कसरी उनीहरूले आफ्नो र आफ्नो परिवारका लागि जीविका सिर्जना गर्छन् भन्ने कुरालाई प्रभावित पार्ने अन्तरसम्बन्धित प्रभावहरूको जालोको केन्द्रमा राख्छ ।

आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (IOM) ले वैदेशिक रोजगारी प्रवर्द्धन केन्द्रसितको सहकार्यमा आप्रवासी स्रोत केन्द्रहरू स्थापना गरेर वैदेशिक रोजगारीमा जान इच्छुक मानिस, जसमा मुख्यत: युवा नै हुन्छन्, का लागि वैदेशिक रोजगारसम्बन्धी कानुनी व्यवस्था, कामको माग, वैदेशिक आप्रवासीहरूका अधिकार आदि विषयमा व्यक्तिगत परामर्श, इन्टरनेट (e-based) तथा टेलिफोन मार्फत् सल्लाह उपलब्ध गराइरहेको छ ।

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा सञ्चालित **लघुउद्यम विकास कार्यक्रम**ले नेपालका ३६ वटा जिल्लामा स्वरोजगारका लागि विशेष गरी महिला र युवालाई लक्ष्य गरेको छ । यसबाट लाभ प्राप्त गर्नेमध्ये ६० प्रतिशत युवा छन् । थप जानकारीका लागि क्लिक गर्नुहोस् ।

## संयुक्त राष्ट्रसङ्घीय विकास सहायता ढाँचाको प्राथमिकता क्षेत्र :

### मानवअधिकार, लैङ्गिक समानता र सामाजिक समावेशिताको प्रवर्द्धन

नेपाल सरकारले थुप्रै मानवअधिकारका उपकरण अनुमोदन गरेको छ तथा समावेशी लोकतन्त्र र लैङ्गिक समानताको पक्षमा प्रतिवद्धता घोषित गरेको छ । संयुक्त राष्ट्रसङ्घीय टोलीले नेपालमा नीति निर्माण र सुधार, संस्थागत क्षमता विकास तथा सामुदायिक सशक्तीकरणका माध्यमबाट मानवअधिकारको सम्मान, प्रवर्द्धन र संरक्षणमा सुधार गर्ने ध्येय लिएको छ ।

**के तपाईंलाई थाहा छ ?**

संसारका गरिबको ७० प्रतिशत महिला छन् । उनीहरूले गरेको कामका लागि पुरुषको तुलनामा प्रायः कम ज्याला दिइन्छ, सन् २००८ मा यो खाडलको औसत माप १७ प्रतिशत थियो । व्यापार वा स्वरोजगारका लागि निवेदन पेस गर्दा महिलाहरूले निरन्तर विभेदको सामना गर्नुपर्छ तथा उनीहरूलाई प्रायः असुरक्षित, जोखिमयुक्त र न्यून ज्याला भएको काममा लगाउने गरिन्छ । उप-सहारा क्षेत्रीय अफ्रिका तथा दक्षिण एसियाका १० मध्ये ८ महिला श्रमिक जोखिमयुक्त रोजगारीमा रहेको विश्वास गरिन्छ, भने अर्कातिर विश्वव्यापी आर्थिक परिवर्तनहरूले उनीहरूको जीविकामा ठूलो क्षति पुऱ्याइरहेको छ ।

स्रोत : संयक्त राष्टसङ्घीय महिला, महिला गरिबी तथा अर्थतन्त्र

आर्थिक क्रियाकलापमा संलग्न हुन र आर्थिक स्रोतसाधन सिर्जना गर्न नेपालका महिलाले पुरुषहरूको तुलनामा धेरै चुनौतीहरूको सामना गर्नुपर्छ । सामान्यतः महिलाहरूले पुरुषभन्दा कम कमाउँछन् र प्रायः बेतलबी काम गर्छन् । गैर-कृषि क्षेत्रमा १८ प्रतिशत महिलाले मात्र ज्याला कमाउने गरेका छन्, जब कि कृषि क्षेत्रमा ५४ प्रतिशत छन् । महिलाहरूकोश्रमका लागि आप्रवासन हुने सङ्ख्या बढेको छ । साथै नेपाली महिला श्रमिकहरूको विदेशमा मात्र होइन नेपाली रोजगार कम्पनी र दलालहरूबाट शोषण र दुर्व्यवहारमा पनि त्यतिकै वृद्धि भएको छ ।

संयुक्त राष्ट्रसङ्घीय महिलाको सहयोगसाथ काठमाडौं, कास्की र कैलाली जिल्लामा सन् २००८ देखि महिलाहरूको तीनवटा राजनीतिक निगरानी समूह गठन गरिएका छन् । महिलाहरूको राजनीतिक, सामाजिक र आर्थिक अधिकार तथा सहभागिताका अवसरहरूका निम्ति यी समूहले वकालत गरिरहेका छन् । यसका साथै संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले लैङ्गिक हिंसाका पीडितहरूलाई तत्काल राहत उपलब्ध गराउनका लागि न्यायमा पहुँच कोष स्थापना गर्न ४४ वटा जिल्लाका महिला सङ्घ (महिला सहकारी समूह) लाई महिला, बालबालिका तथा समाजकल्याण मन्त्रालय मार्फत सहायता उपलब्ध गराएको छ ।

नेपालमा लैङ्गिक हिंसालाई सम्बोधन गर्नका लागि संयुक्त राष्ट्र सङ्घले एउटा संयुक्त ढाँचा विकास गरेको छ तथा समुदाय तहमा महिला, पुरुष र बालबालिकाका लागि लैङ्गिक हिंसाको रोकथाम र संरक्षण सेवा उपलब्ध गराउन संयुक्त राष्ट्रसङ्घीय बालकोष, संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष र संयुक्त राष्ट्रसङ्घीय महिला संयुक्तरूपमा कार्यरत छन् ।

**नेपाल सरकारले बालअधिकार महासन्धि अनुमोदन गरेको छ र १८ वर्षमुनिका सबैका अधिकार परिपूर्ति र संरक्षण गर्ने दायित्व वहन गरेको छ ।** नयाँ संविधान तथा बालबालिकासम्बन्धी बाँकी रहेका विधेयकहरूमा बालअधिकार सुनिश्चित गर्नका लागि सन् २००७ देखि संयुक्त राष्ट्रसङ्घीय बालकोषले बालअधिकारवादी संस्थाहरूको सञ्जालसित सहकार्य गरिरहेको छ । यो सहकार्यको दौरानमा बालबालिका तथा युवासित राष्ट्रिय तथा जिल्ला तहमा विस्तृत परामर्श सञ्चालन गरेको थियो र यी परामर्शबाट प्राप्त सुझावबाट नै नयाँ संविधानमा बालअधिकारसम्बन्धी विशेषज्ञ सल्लाह तयार गर्न तथा संविधानसभा सदस्य, राजनीतिक दल र सञ्चारमाध्यमहरूसित वकालत गर्न सम्भव भएको थियो ।

संयुक्त राष्ट्र सङ्घले महिलाविरुद्धको हिंसा भनेको लैङ्गिक हिंसा नै हो भनी परिभाषित गरेको छ, परिणामस्वरूप महिलाहरूलाई शारीरिक, यौनिक वा मानसिक पीडा वा हानि पुग्ने वा पुग्न सक्ने कुनै पनि कार्य वा त्यस प्रकारको धम्की वा बल प्रयोग वा स्वतन्त्रताको जथाभावी हनन हुन्छ, चाहे त्यो सार्वजनिक वा व्यक्तिगत जीवनमा नै किन नहोस् ।

दस वर्षको सशस्त्र द्वन्द्वताका मानवअधिकार हननबाट पीडितहरूलाई सहायता उपलब्ध गराउनका लागि **आप्रवासनका दागि अन्तर्राष्ट्रिय सङ्गठन**ले **पारदर्शी परिपूरण प्रणाली** तर्जुमा र कार्यान्वयन गर्न शान्ति तथा पुनःनिर्माण मन्त्रालयसित निकट कार्य गरिरहेको छ । यसलाई नेपाल सरकार तथा मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयले नेपालका लागि संयुक्त राष्ट्रसङ्घीय शान्ति कोषको सहयोग साथ सहायता गरिरहेको छ ।

# संयुक्त राष्ट्र सङ्घबारे तथा यससँग अरू कुरा सिक्नका लागि अवसर

## अन्तर्राष्ट्रिय स्वयंसेवक वर्षको दसौँ वार्षिकोत्सव (IYV+10)

विशेष गरी प्रत्येक तहमा बलियो सहकार्यलाई सुदृढ गरिएको खण्डमा स्वयंसेवाको भावनाले तल्लो तहबाट माथितिर परिवर्तनलाई सशक्त बनाउँछ । सन् २००१ लाई अन्तर्राष्ट्रिय स्वयंसेवक वर्ष घोषणा गरिएको १० वर्ष बितिसकेको छ र संयुक्त राष्ट्र सङ्घको महाधिवेशनले सन् २०११ मा विश्वभरि नै यसको वार्षिकोत्सव मनाउनका लागि आह्वान गरेको छ । सहकर्मीहरूको लक्ष्य शान्ति र विकासमा स्वयंसेवाको सकारात्मक प्रभावलाई प्रवर्द्धन र सम्मान गर्नु, स्वयंसेवी सञ्जालहरूलाई सुदृढ पार्नु तथा स्वयंसेवाको माध्यमबाट परिवर्तनलाई साकार बनाउनका लागि सबै मानिसलाई सहायता गर्नु हो ।

**विशेष युवा फेलोसिप कार्यक्रम :** विकासोन्मुख देशका २० देखि २४ वर्ष उमेरका युवालाई नीतिनिर्माण तथा कार्यक्रम तर्जुमा गर्ने अवसरमा संलग्न हुने अवसर उपलब्ध गराउन, उनीहरूको क्षमता विकास गर्न, तथा किशोरकिशोरी र युवाका सवाललाई सम्बोधन गर्ने विषयमा सहकार्य गर्नका लागि युवा र संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषका कर्मचारीलाई संवेदनशील बनाउनका लागि नै यो कार्यक्रम तर्जुमा गरिएको हो । प्रत्येक वर्षको सुरुमा विश्वव्यापी आवेदनहरू आह्वान गरिन्छ । यो कार्यक्रममा ११ महिने कार्यमूलक फेलोसिप (fellowship) उपलब्ध गराइन्छ, जसमा निजले न्युयोर्कस्थित संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषको केन्द्रीय कार्यालयमा आधा समय र निजकै देशस्थित संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष राष्ट्रिय कार्यालयमा बाँकी समय बिताउनुपर्छ, जहाँ निजले कार्यक्रम एकाइहरूसित निकट सम्पर्कमा रही काम गर्नुपर्छ । प्रत्येक वर्ष पाँच विश्वस्तरीय क्षेत्रलाई प्रतिनिधित्व गर्दै पाँचजना फेलो छनोट गरिन्छ । थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् ।

**संयुक्त राष्ट्रसङ्घीय एचआइभी/एड्स कार्यक्रमको विशेष युवा कार्यक्रम :** युएनएड्सको विशेष युवा कार्यक्रमले एचआइभी सम्बन्धित सवालहरूमा अनुभव भएका २०-२४ वर्ष उमेरका विकासोन्मुख देशका युवालाई नौमहिने पारिश्रमिकयुक्त फेलोसिपका लागि युएनएड्समा भर्ना गर्ने उद्देश्य लिएको छ । यो फेलोसिप दुई खण्डमा विभाजित छ : प्रारम्भिक फेलोसिप युएनएड्स जेनेभामा र बाँकीचाहिँ निजकै देशस्थित युएनएड्सको राष्ट्रिय कार्यालयमा हुनेछ । थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् ।

संयुक्त राष्ट्रसङ्घीय मानवआवास कार्यक्रम **(UN-HABITAT)** ले आफ्नो कार्य क्षेत्रसित सम्बन्धित परियोजनाका लागि वार्षिक युवा कोष उपलब्ध गराउने गरेको छ । यसका लागि युवालाई unhabitat.nepal@unhabitat.org.np मा आवेदन हाल्न उत्साहित गरिन्छ । त्यस्तै युवा पेसेवार कार्यकर्तालाई संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवक **(UNV)** मा संलग्न भएर पूर्णकालीन वा अल्पकालीन समयका लागि काम गर्ने अवसर उपलब्ध छ । विभिन्न प्रकारका स्वयंसेवी अवसरमा राष्ट्रिय युएनभी विशेषज्ञ, राष्ट्रिय संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवक फिल्ड कार्यकर्ता (स्थानीय समुदायमा अवस्थित), अन्तर्राष्ट्रिय युएनभी स्वयंसेवक तथा अनलाइन (Online) स्वयंसेवक आदि समावेश छन् । यी अवसरका प्रकार अनुसार आवश्यक योग्यता पनि फरक छन् । स्वयंसेवाका अवसर सम्बन्धमा आवश्यकताका आधारमा विज्ञापन प्रकाशन गरिन्छ । इच्छुक उम्मेदवारहरूले अन्तर्राष्ट्रिय पदका लागि संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवकको सूचीमा नाम लेखाउन सक्छन् । थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् ।

**संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टोली प्रशिक्षार्थी (ट्रेनिसिप) कार्यक्रम :** अप्रिल २०११ देखि सुरु भएको यस कार्यक्रमले नेपालका सीमान्तीकृत र उपेक्षित युवालाई राष्ट्रसङ्घीय प्रणालीबारे बुझ्ने अवसर उपलब्ध गराउँछ । यस अन्तर्गत भर्खरै स्नातक उत्तीर्ण युवालाई


तस्वीर :सन्तोष बोहरा, २०१२

प्रशिक्षार्थीस्वरूप ११ महिनाका लागि भर्ना गरिन्छ । हाल नेपालस्थित संयुक्त राष्ट्र सङ्घका विभिन्न निकायका काठमाडौँस्थित र फिल्ड कार्यालयमा गरी ३० प्रशिक्षार्थी छन् । थप जानकारीका लागि यहाँ क्लिक गर्नुहोस् । यसका साथै **UNIC** ले युवालाई पारिश्रमिकरहित इन्टर्नसिप उपलब्ध गराउने गरेको छ । त्यस्तै मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय **(OHCHR)** ले अल्पसङ्ख्यक जातजातिका अधिकारसम्बन्धी अध्ययन तथा आदिवासीहरूका अधिकारसम्बन्धी अध्ययनका लागि ३२ वर्षभन्दा कम उमेरका सीमान्तीकृत युवालाई फेलोसिप प्रदान गर्ने गरेको छ । यससम्बन्धी विस्तृत जानकारी मानवअधिकारका लागि उच्चायुक्तको कार्यालयको वेबसाइट www.ohchr.org बाट प्राप्त गर्न सक्नुहुनेछ । इच्छुक उम्मेदवारहरूले प्रत्येक वर्ष जुन महिनाभित्र आवेदन पेस गरिसक्नुपर्नेछ ।

संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवकमा अत्यन्त कम आर्थिक सहायताका लागि अवसर छन्, तापनि कहिलेकाहीँ स्वयंसेवी भावना र सहस्राब्दी विकास लक्ष्यमा आधारित प्रस्तावका लागि सानोतिनो आर्थिक सहायता यसले प्रदान गर्ने गरेको छ, अर्थात् कुनै पनि युवाकेन्द्रित गैरसरकारी संस्था/समुदायमा आधारित सङ्गठन/नागरिक समाज सङ्गठनहरूले कुनै पनि समयमा प्रस्ताव पेस गर्न सक्छन् । यदि स्वयंसेवाको भावना तथा सहस्राब्दी विकास लक्ष्यहरूको प्राप्तिमा आधारित र ठोस तथा सिर्जनात्मक भएमा यस्ता प्रस्तावलाई प्रोत्साहनस्वरूप सानो अनुदान सहयोग प्रदान गर्न सक्छ ।

पूर्वी युरोप तथा मध्य एसियाको साथी शिक्षाका प्रयास सम्बन्धमा संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोषले गरेको लेखाजोखाको सुझावका आधारमा सन् २००१ मा **युवा-साथी (Y-PEER)** को स्थापना गरिएको हो । यसका सदस्यमा किशोर/किशोरीको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सक्रिय साथी शिक्षक, प्रशिक्षक र युवा वकालतकर्मी लगायत युवा छन् । यसको मूल लक्ष्य साथी शिक्षाको अवस्था र विश्वसनीयतालाई सुदृढ गर्नु तथा एचआइभी/एड्स र यौनप्रसारित रोगहरूप्रति युवाको जोखिम न्यूनीकरण गर्नु हो । आफ्नो स्वास्थ्यसम्बन्धी निर्णय प्रक्रियामा युवाको अर्थपूर्ण सहभागिता मार्फत् सूचना तथा सेवामा समान पहुँच प्राप्त गरी युवा सुस्वस्थ रहेको र सुखीजीवन बाँचेको परिकल्पना युवा-साथी ले गरेको छ ।

नेपालमा डिसेम्बर २०११ देखि औपचारिकरूपमा युवा-साथी राष्ट्रिय सञ्जाल प्रारम्भ गरिएको थियो । त्यसदेखि नै युवा-साथी नेपाल राष्ट्रिय सञ्जालले युवा साथी शिक्षकहरूको क्षमता अभिवृद्धि गरी ३० भन्दा धेरै जिल्लामा कार्य सञ्चालन गरेको छ । यस सञ्जालले आफ्ना सदस्य सङ्गठनहरूलाई साथी शिक्षा कार्यक्रमहरूको विकास र एकरूपताका लागि प्राविधिक सहायता गरिरहेको छ । यसरी नै युवा-साथीले युवा दिवस, विश्व एड्स दिवस, आदिजस्ता माध्यमबाट यौन तथा प्रजनन स्वास्थ्य र अधिकारका लागि निरन्तर वकालत गरिरहेको छ ।

युवा र समुदायलाई संयुक्त राष्ट्र सङ्घका कार्यबारे शिक्षित गर्न, युवालाई अन्तर्राष्ट्रिय मामिला र नागरिक समाजमा संलग्न हुनका लागि सशक्त पार्न, स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय तहहरूमा युवाका विचारहरूको प्रतिनिधित्व गराउन तथा युवाहरूको सञ्जाल विस्तार तथा सामाजीकरणका लागि मञ्चका रूपमा कार्य गर्न **संयुक्त राष्ट्र सङ्घ तथा युवा र विद्यार्थी सङ्घहरू** (UNYSAN) को गठन गरिएको हो । **संयुक्त राष्ट्र सङ्घ तथा युवा र विद्यार्थी सङ्घहरू**ले नमुना संयुक्त राष्ट्र सङ्घ तथा राष्ट्रसङ्घीय युवा प्रतिनिधि कार्यक्रमजस्ता विविध क्रियाकलाप सञ्चालन गरिरहेको छ । एचआइभी र एड्ससम्बन्धी तेस्रो राष्ट्रिय सम्मेलन तथा यस क्षेत्रमा युवाको संलग्नतासम्बन्धी वक्तृत्व कार्यक्रमहरूको आयोजना गर्नेजस्ता क्रियाकलापको माध्यमबाट यो एचआइभी र एड्सका क्षेत्रमा पनि सक्रियरूपले संलग्न भइरहेको छ ।



**तस्वीर :युवा**

# अनुसूची १ : तोकिएको युवा सम्पर्क विन्दु समेत राष्ट्रसङ्घीय निकायहरूसम्बन्धी सूचना

## आवासीय तथा मानवीय समन्वयकर्ताको कार्यालय (RCHCO)

आवासीय तथा मानवीय समन्वयकर्ताको कार्यालय (RCHCO) ले आवासीय तथा मानवीय समन्वयकर्ता (RC/HC) मार्फत् कार्य गरिरहेका संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टोली, नेपाल सरकार र विकास साझेदारहरूलाई सेवा उपलब्ध गराउँछ । यसले समन्वय, योजना तर्जुमा, वकालत, विश्लेषण, सूचना व्यवस्थापन र सञ्चारका माध्यमबाट शान्ति निर्माण, मानवीय र विकासका लागि एकीकृत सहायता उपलब्ध गराउँछ। तर यो कार्यक्रम कार्यान्वयन गर्ने निकाय भने होइन ।

**आवासीय तथा मानवीय समन्वयकर्ताको कार्यालय (RCHCO)**
संयुक्त राष्ट्रसङ्घीय भवन, पुल्चोक
पत्र मञ्जुषा : १०७, काठमाण्डौ, नेपाल
फोन : (९७७-१) ५५२३२००
वेबसाइट : http://un.org.np/rchco
ईमेल : rchco.nepal@one. un.org

## संयुक्त राष्ट्रसङ्घीय सूचना केन्द्र (UNIC)

सूचना तथा सञ्चारका सम्बन्धमा राष्ट्रसङ्घीय क्रियाकलापका लागि संयुक्त राष्ट्रसङ्घीय सूचना केन्द (UNIC) नै सम्पर्क एकाइ हो । यसको मुख्य उद्देश्य मानिस, लक्षित समूह, सरोकारवाला तथा साझेदार सङ्गठनहरूलाई संयुक्त राष्ट्र सङ्घका लक्ष्य र क्रियाकलापबारेमा जानकारी गराई संयुक्त राष्ट्र सङ्घलाई आफ्ना ध्येय र उद्देश्य परिपूर्ति गर्न सहयोग गर्नु हो ।

**संयुक्त राष्ट्रसङ्घीय सूचना केन्द्र (UNIC)**
संयुक्त राष्ट्रसङ्घीय भवन, पुल्चोक
पत्र मञ्जुषा : १०७, काठमाण्डौ, नेपाल
फोन : (९७७-१) ५५२३२०० एक्सटेन्सन १६००
युएनआईसी नेपालको वेबसाइट :
http://unic.un.org/inucms/Kathmandu/35/98/home.aspx
युएनआईसीको वेबसाइट :
www.un.org/aroundworld/unics/English/about.htm
कार्यालय ईमेल : ram.sah@undp.org

## अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO)

अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO) स्वतन्त्रता, समानता, सुरक्षा र मानवीय मर्यादाको सर्तमा मानिसका लागि मर्यादित र उत्पादनशील काम गर्न पाउने अवसरको प्रवर्द्धन गर्ने कार्यमा लक्षित छ । यसको मुख्य लक्ष्य काममा अधिकारहरूको सम्बर्द्धन, मर्यादित रोजगारीका अवसरको प्रवर्द्धन, सामाजिक संरक्षणको अभिवृद्धि तथा काम सम्बन्धित सवालहरूको व्यवस्थापनका लागि संवादको सुदृढीकरण गर्नु हो ।

**अन्तर्राष्ट्रिय श्रम सङ्गठन (ILO),** धोबीघाट, ललितपुर
पत्र मञ्जुषा : ८९७१, नेपाल
फोन : (९७७-१) ५५५५७७७, ५५५०६९१
आइएलओ नेपालको वेबसाइट : www.iloktm.org.np
आईओएलको वेबसाइट : www.ilo.org
कार्यालय ईमेल : kathmandu@ilo.org

## आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (IOM)

आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (IOM) ले सबैको हितका लागि मानवीय तथा सुव्यवस्थित आप्रवासनको प्रवर्द्धन गर्ने उद्देश्य सहित आप्रवासनको क्षेत्रमा काम गर्छ ।

**आप्रवासनका लागि अन्तर्राष्ट्रिय सङ्गठन (IOM),** बालुवाटार, काठमाण्डौ
फोन : (९७७-१) ४४२६२५०
आईओएम नेपालको वेबसाइट : http://www.nepal,iom,int
आईओएमको वेबसाइट : http://www.iom.int/jahia/jsp/index.jsp
कार्यालय ईमेल : iomnepal@iom.org

## मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय (OHCHR)

मानव मर्यादाका विश्वव्यापी आदर्शहरूको प्रवर्द्धन र संरक्षणका लागि मानवअधिकारका लागि मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय (OHCHR) प्रतिबद्ध रहेको छ । सबैका लागि मानवअधिकारको प्रत्याभूति गर्न संयुक्त राष्ट्र सङ्घको प्रधान कार्यालयले प्राप्त गरेको अख्तियारीअनुरूप ओएचसिएचआरले मानवअधिकारका दुरूपयोग र उल्लङ्घनका घटनाहरूका बारेमा आवाज उठाउँछ । ओएचसिएचआर-नेपालले नागरिक र राजनीतिक अधिकार तथा आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारहरूको नेपालमा भएका हननसबन्धी अभियोजनका घटनाहरूको अनुगमन र अनुसन्धान गरेको छ ।

**मानवअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय (OHCHR),** शीलु भवन, छाउनी संग्रहालय मार्ग, काठमाण्डौ
पत्र मञ्जुषा : २४५५५, नेपाल
फोन : (९७७-१) ४२८०१६४
ओएचसिएचआर नेपालको वेबसाइट : nepal.ohchr.org
ओएचसिएचआरको वेबसाइट : www.ohchr.org
कार्यालय ईमेल : registry.np@ohchr.org

## संयुक्त राष्ट्रसङ्घीय महिला (UN Women)

संयुक्त राष्ट्रसङ्घीय महिला (UN Women) ले लैङ्गिक समानता तथा महिलाहरूको सशक्तीकरण सुनिश्चित गर्नका लागि सरकार, गैरसरकारी संस्था, लैङ्गिक वकालतकर्मी र वञ्चित महिला समूह लगायत महिलाका समूहहरूसित साझेदारीमा कार्य गर्ने अख्तियारी प्राप्त गरेको छ ।

**संयुक्त राष्ट्रसङ्घीय महिला (UN Women),** २०१/४२
रामशाहपथ, थापाथली, काठमाण्डौ, नेपाल
फोन : (९७७-१) ४२५५११०/४२५४८९९
युएन वुमनको वेबसाइट : www.unwomen.org
कार्यालय ईमेल : sangeeta.thapa@unwomen.org

## युएनएड्स (UN AIDS)

युएनएड्स संयुक्त राष्ट्र सङ्घको एउटा संयुक्त ध्येय हो जसमा एचआइभी तथा एड्सको सम्बोधनका लागि युएनएड्सको सचिवालय तथा संयुक्त राष्ट्र सङ्घका दसवटा निकायका प्रयास र स्रोतसाधनहरूलाई एकीकृत गरिएको छ ।

**युएनएड्स (UN AIDS),** संयुक्त राष्ट्रसङ्घीय भवन, पुल्चोक
पत्र मञ्जुषा : १०७, काठमाण्डौ, नेपाल
फोन : (९७७-१) ५५२३२००
युएन एड्स नेपालको वेबसाइट :
http://www.facebook.com/UNAIDS
युएन एड्सको वेबसाइट : www.unaids.org
कार्यालय ईमेल : nepal@unaids.org

## संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP)

संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP) परिवर्तनका लागि वकालत गर्ने र उन्नत जीवन निर्माण गर्न मानिसहरूलाई मद्दत गर्नका लागि देशहरूलाई ज्ञान, अनुभव तथा स्रोतसाधनहरूसित सम्बन्ध गराउने संयुक्त राष्ट्र सङ्घको विश्वव्यापी विकास सञ्जाल हो । यसको अख्तियारीभित्र गरीबी न्यूनीकरण तथा सहस्राब्दी विकास लक्ष्यहरूको प्राप्ति, लोकतान्त्रिक शासन, सङ्कट रोकथाम तथा त्यसबाट उद्धार, वातावरण र दिगो विकास तथा सबै क्षेत्रमा महिला सशक्तीकरण र क्षमता विकास गर्ने कार्य समावेश छन् ।

**संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (UNDP),** संयुक्त राष्ट्रसङ्घीय भवन, पुल्चोक, ललितपुर
फोन : (९७७-१) ५५२३२००
युएनडिपी नेपालको वेबसाइट : www.undp.org.np
युएनडिपीको वेबसाइट : www.undp.org
कार्यालय ईमेल : registry.np@undp.org

## United Nations Population Fund (UNFPA)

संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष (UNFPA) ले जनसङ्ख्याको तथ्याङ्कलाई नीति र कार्यक्रमहरूमा प्रयोग गरेर गरीबी न्यूनीकरण गर्न तथा सबै गर्भधारण इच्छित भएको, सबै जन्म सुरक्षित भएको, सबै युवा एचआइभीबाट सुरक्षित रहेको र सबै बालिका एवं महिलालाई मर्यादित र सम्मानित व्यवहार भएको सुनिश्चित गर्नका लागि देशहरूलाई सहायता गर्छ । संयुक्त राष्ट्रसङ्घीय राष्ट्रिय टोलीमा युवाका लागि विशेष कर्मचारी र रणनीतिहरू नियुक्त भएको यही नै एकमात्र निकाय हो ।

संयुक्त राष्ट्रसङ्घीय जनसङ्ख्या कोष **(UNFPA),**
सानेपा, ललितपुर
पत्र मञ्जुषा : १०७, पुल्चोक, ललितपुर
फोन : (९७७-१) ५५२३६३७, ५५२३८८०
युएनएफपिए नेपालको वेबसाइट :
www.unfpanepal.org
युएनएफपिएको वेबसाइट : www.unfpa.org
कार्यालय ईमेल : registry-np@unfpa.org

## UN-HABITAT

संयुक्त राष्ट्रसङ्घीय मानवआवास कार्यक्रम (UN-HABITAT) ले सामाजिक र वातावरणीय रूपमा दिगो मानव बस्ती विकास तथा पर्याप्त आवासको प्राप्ति प्रवर्द्धन गर्ने कार्य गर्छ । यसले सहरी विकास र व्यवस्थापन, भूमि र आवास व्यवस्थापन, जोखिम र प्रकोप व्यवस्थापन, तथा सामाजिक समावेशीकरणका क्षेत्रमा कार्य गर्छ ।

**संयुक्त राष्ट्रसङ्घीय मानवआवास कार्यक्रम (UN-HABITAT)**
पुल्चोक, पत्र मञ्जुषा १०७, नेपाल
फोन : (९७७-१) ५५३६६९९, ५५४२८१६
युएनहेबिटेटको वेबसाइट : www.unhabitat.org
कार्यालय ईमेल : unhabitat.nepal@unhabitat.org.np

### संयुक्त राष्ट्रसङ्घीय बालकोष (UNICEF)

संयुक्त राष्ट्रसङ्घीय बालकोष (UNICEF) बालअधिकार महासन्धिबाट निर्देशित छ । यसले बालबालिकाका अधिकारहरूको संरक्षणका लागि वकालत गर्ने, उनीहरूका आधारभूत आवश्यकताको परिपूर्तिका लागि मद्दत गर्ने र उनीहरूको पूर्ण क्षमताको विकास गर्नका लागि अवसरहरूको विस्तार गर्ने कार्य गर्छ । संयुक्त राष्ट्रसङ्घीय बालकोष-नेपालले स्वास्थ्य, पोषण, शिक्षा, पानी, सफासुग्घर र सरसफाइ, बाल संरक्षण, सङ्कट र एचआइभी/एड्सका क्षेत्रमा कार्य गरिरहनाका साथै महिला र बालबालिकाका अधिकारहरूको प्रवर्द्धनका लागि सरकारलाई नीति, कानुन तथा बजेट तर्जुमा गर्नका लागि सहयोग समेत पुऱ्याइरहेको छ ।

**संयुक्त राष्ट्रसङ्घीय बालकोष (UNICEF),** संयुक्त राष्ट्र सङ्घ भवन
पत्र मञ्जुषा : १०७, पुल्चोक, ललितपुर
फोन : (९७७-१) ५५२३२०० एक्सटेन्सन ११००
संयुक्त राष्ट्रसङ्घीय बालकोष-नेपालको वेबसाइट : http://www.unicef.org/Nepal/
युनिसेफको वेबसाइट : www.unicef.org
कार्यालय ईमेल : kathmandu@unicef.org

### लागूऔषध र अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यालय (UNODC)

लागूऔषध र अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यालय (UNODC) संसारलाई लागूऔषध, अपराध र आतङ्कवादबाट सुरक्षित बनाएर सबैलाई सुरक्षा र न्यायको प्रत्याभूतिका लागि प्रतिबद्ध छ ।

**लागूऔषध र अपराधसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय कार्यालय (UNODC),** कर्मचारी सञ्चय कोष भवन, पुल्चोक
फोन : (९७७-१) ५५२३२००
युएनओडिसीको वेबसाइट : www.unodc.org
कार्यालय ईमेल : archana.singh@unodc.org

### संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवक (UNV)

संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवक (UNV) विकासका सवाललाई सम्बोधन गर्ने तथा विश्वव्यापीरूपमा शान्ति र विकासका लागि योगदान गर्ने सशक्त उपकरणका रूपमा स्वयंसेवाको भावनालाई उपयोग गर्ने सङ्गठन हो ।

**संयुक्त राष्ट्रसङ्घीय स्वयंसेवक (UNV)**
संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम नेपाल, पत्र मञ्जुषा : १०७, संयुक्त राष्ट्र सङ्घ भवन, पुल्चोक, ललितपुर
फोन : (९७७-१) ५०१०१३५/३१८/३१९
युएनभी नेपालको वेबसाइट : www.unv.org.np.
www.1yv10nepal.com
युएनभीको वेबसाइट : www.unvolunteers.org.
www.worldvolunteerweb.org

# अनुसूची २ : युवा तथा संयुक्त राष्ट्र सङ्घबारेमा विशेषरूपमा उल्लेख भएका सान्दर्भिक वेबसाइट

एचआइभी/एड्स र मानवअधिकार HIV/AIDS and Human Rights

विकास सहायता सम्बन्धमा मानवअधिकारआधारित कार्यविधिबारे बारम्बार सोधिने प्रश्न Frequently asked questions on a human rights-based approach to development cooperation

मानवअधिकारको विश्वव्यापी घोषणापत्र : साधारण भाषाको संस्करण Universal Declaration of Human Rights: Plain Language Version

मानवअधिकारको विश्वव्यापी घोषणापत्र : बाल-मैत्री संस्करण Universal Declaration of Human Rights: Child Friendly Version

चित्रमय निबन्धका रूपमा बालअधिकार महासन्धि The Convention on the Rights of the Child as Photo Essay

अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धिको एक व्याख्या An explanation of the Convention on the Rights of Persons with Disabilities

बालबालिका र युवाअनुकुल तयार गरिएको बालबालिका विरुद्धका हिंसासम्बन्धी संयुक्त राष्ट्र सङ्घको महासचिवको अध्ययन United Nations Secretary-General's Study on Violence against Children Adapted for Children and Young People

संयुक्त राष्ट्र सङ्घमा युवा Youth at the UN

## अनुसूची ३ : युवासम्बन्धी अन्तर्राष्ट्रिय सन्धि र सुझाव

| घोषणा, महासन्धि, प्रतिज्ञापत्र वा अभिसन्धि तथा सुझाव | मिति |
|---|---|
| मानवअधिकारको विश्वव्यापी घोषणा | १९४८ |
| सभा सङ्गठन गर्ने स्वतन्त्रता र सङ्गठित हुने अधिकारको संरक्षणसम्बन्धी महासन्धि | १९४८ |
| सङ्गठित हुने अधिकार र सामूहिक सौदाबाजीसम्बन्धी महासन्धि | १९४९ |
| भेदभाव (रोजगारी र पेसा) सम्बन्धी महासन्धि | १९५८ |
| युवामा मानिसहरूबीच शान्ति, पारस्परिक सम्मान र समझदारीका आदर्शहरूको प्रवर्द्धनसम्बन्धी घोषणापत्र | १९६५ |
| नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि | १९६६ |
| आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि | १९६६ |
| युवाका लागि विशेष आयोजनाबारे सुझाव | १९७० |
| न्यूनतम उमेरसम्बन्धी महासन्धि | १९७३ |
| मानव संसाधन विकास महासन्धि | १९७५ |
| बालअधिकार महासन्धि | १९७९ |
| महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि | १९७९ |
| युवाको क्षेत्रमा थप योजना तर्जुमा तथा फलो-अपका लागि संयुक्त राष्ट्र सङ्घको मार्गनिर्देशन | १९८५ |
| बाल न्याय प्रशासनका लागि संयुक्त राष्ट्र सङ्घको न्यूनतम मापदण्डीय नियम (बेइजिङ नियम) | १९८५ |
| विकासको अधिकारसम्बन्धी घोषणा | १९८६ |
| स्वतन्त्रताबाट वञ्चित भएका बालबालिकाको संरक्षणका लागि संयुक्त राष्ट्र सङ्घका नियम | १९९० |
| बाल बिज्याइँको रोकथामका लागि संयुक्त राष्ट्र सङ्घको मार्गनिर्देशन (रियाद मार्गनिर्देशन) | १९९० |
| वातावरण र विकाससम्बन्धी रियो घोषणा तथा विषयसूची २१ | १९९२ |
| युवाका अधिकार तथा कर्तव्यसम्बन्धी घोषणा | १९९२ |
| भियेना घोषणा तथा कार्यनीति | १९९३ |
| जनसङ्ख्या र विकाससम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको कार्यनीति | १९९४ |
| सामाजिक विकासका लागि विश्व सम्मेलनको कोपनहेगन घोषणा तथा कार्यनीति | १९९५ |
| सन् २००० तर्फ र त्यसभन्दा पछिका लागि युवा निम्ति विश्व कार्यनीति | १९९५ |
| चौथो विश्व महिला सम्मेलनको कार्यनीति | १९९५ |
| संयुक्त राष्ट्रसङ्घीय मानवआवाससम्बन्धी दोस्रो सम्मेलनको बस्तीसम्बन्धी विषयसूची तथा इस्तान्बुल घोषणा (ह्याबिटाट २) | १९९६ |
| खाद्य सुरक्षासम्बन्धी रोम घोषणा तथा विश्व खाद्य शीर्षस्थ सम्मेलनको कार्ययोजना | १९९६ |
| ब्रागा युवा कार्ययोजना | १९९८ |
| युवासम्बन्धी नीति र कार्यक्रमबारे लिस्बन घोषणा | १९९८ |
| कामसम्बन्धी आधारभूत सिद्धान्त र अधिकार विषयक आइएलओको घोषणा | १९९८ |
| सामाजिक विकाससम्बन्धी विशेष शीर्षस्थ अधिवेशन (कोपनहेगन+५), जेनेभा | २००० |
| डकार युवा सशक्तीकरण रणनीति | २००१ |